# परिच्छेद एक : परिचय

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था अध्ययनको लागि परिचय खण्डमा राखिएका पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य, अनुसन्धनात्मक प्रश्न, अध्ययनको परिसीमा प्रस्तुत गरिएको छ ।

## १.१ पृष्ठभूमि

शिक्षा व्यक्ति र समाज विकासको प्रमुख आधार हो जुन यस धर्तीमा मानव विकासको शुरुवात भयो । त्यस वेला देखि शिक्षाको पनि अनौपचारिक रुपमा विकासको शुरुवात भएको पाईन्छ । शिक्षा मानव विकासको आधार स्तम्भ भएकोले यसबाट मात्र व्यक्तिको विद्यमान अवस्था, अस्तित्व, चारित्रिक र आर्थिक विकास समेत गरी व्यक्तिको सर्वाङ्गिण विकासमा टेवा पुऱ्याउदै भविष्यका लागि चाहिने ज्ञान, सीप अभिवृद्धिमा समेत सकारात्मक अभिवृद्धि गरी असल नागरिक निर्माण गरी समाज विकासमा समेत योगदान पुऱ्याउन सक्ने साधनको रुपमा रहेको छ । आजको प्रतिस्पर्धात्मक र विश्वव्यापिकरणको युगमा शिक्षा प्राप्त गर्नु नागरिकको नैसर्गिक अधिकार रहेको छ । आर्थिक तथा सामाजिक विकास गर्न शिक्षालाई शशक्त माध्यमका रुपमा उपयोग गर्न खोजिएको छ ।

वैदिक शिक्षा गुरुकुल, ऋषिकुल, देवकुल, तथा पितृकुल प्रणालीमा आधारित थियो । गुरुकुलमा गएर गुरुको प्रत्यक्ष निगरानीमा शिक्षा प्राप्त गर्ने चलन लामो समयसम्म रहेको पाईन्छ । वैदिक कालमा स्त्रीहरु पनि वेद अध्ययनबाट बञ्चित थिएनन् । उनीहरु पनि ब्रहमचारणी भई वेदाध्ययन पश्चात ब्रहमवादिनी भएर बस्न सक्थे । छात्रबासको अलग - अलग व्यवस्था हुन्थ्यो । अध्ययनको समाप्ति पछि गृहस्थाश्रममा प्रवेश गर्ने महिलालाई सधोवधु र सन्यायस लिनेलाई ब्रहबादिनी भन्दथ्ये ।

नेपालमा शिक्षाको विकास लिच्छिवी कालमा आईपुग्दा राज्यले सर्वसाधारण जनतालाई शिक्षा ऐच्छिक कार्यक्रमको रुपमा लिइएको थियो । मध्यकालमा आउदा सबै व्यक्तिले पढ्नु पर्दछ भनेर भनिएको थिएन । तर मध्यकालमा आईपुग्दा शिक्षालाई वृत्ति विकासको रुपमा लिएको हुँदा व्यवसायिक सीपको राम्रोसंग विकास भएको पाईन्छ । मल्ल पछि शाहकाल आईपुग्दा

पनि देश टुक्रा टुक्रामा परी क्षत-विक्षत भएको कारणले शिक्षामा जनताका छोराछोरीलाई प्रतिबन्द लगाई शिक्षाको गतिलाई रोक्ने काम गरेका थिए । तर राणा प्रधानमन्त्री जंगबहादुर राणाले आफ्नो सन्तानका लागि शिक्षा दिने भनेर बि.स. १९१० मा दरवार हाईस्कुलको स्थापना गरेर आधुनिक शिक्षाको विजारोपण गरिदिए ।

अधिकारी (२०६०) का अनुसार सन् १९१७ मा मार्टिन लुथर शिक्षामा परम्परागत विधिबाट शिक्षा दिने कार्य मुक्त गरिनुपर्दछ भनेर संखघोष गरे पछि शिक्षामा नयाँ युगको शुरुवात भएको पाईन्छ । यसरी शिक्षा औपचारिक रुपमा परिणत हुन लामो समय लागेको पाईन्छ । मानिसको वृद्धि र विकासको कार्यक्रम संगै तहगत संरचना निर्धारण गरी शैक्षिक विकासको कार्यक्रममा अगाडि बढिरहेको छ । वर्तमान समयमा शिक्षाको तिव्र विकास तथा प्रतिस्पर्धाको साथै यस धर्तीमा जन्मेका एउटै सिक्का दुई पाटाका रुपमा लिएको महिला र पुरुष विचको शैक्षिक अवस्थाको खाडल भने विकसित देशको तुलनामा विकासोन्मुख देशमा झन गहिरो रुपमा हुदै आएको छ ।

यो शैक्षिक खाडलको ठूलो अन्तरलाई कम गर्नका निमित्त सरकारको एक्लो प्रयाशले मात्र सम्भव देखिदैन यसको सुधारका लागि अभिभावक तथा सरोकारवाला सबै सचेत भएर बालिकालाई समानताको आधारमा अधिकार प्रदान गरेर भोलीको अवस्थामा सुधार हुने देखिन्छ ।

शर्मा (२०६०) का अनुसार शिक्षा सामान्य रुपबाट बैदिक शिक्षाबाट आधुनिक शिक्षा शुरुवात भएको पाईन्छ । आधाभन्दा बढी जनसंख्या ओगटेका महिलाहरु विकसित देशको तुलनामा तथा पुरुष समाजको कारण शिक्षाबाट ओझेलमा परेका छन् । समाजमा नारीलाई शिक्षा दिनु हुदैन भन्ने गलत सोचाईले गर्दा इतिहासको लामो कालखण्डसम्म महिलाहरु शिक्षणबाट बञ्चित रहनु पऱ्यो । समाजमा पुरुषले मात्र शिक्षा लिनु पर्दछ र महिलालाई दासीको रुपमा चुलोचौकोमा अलमल्याएर राख्ने सामन्ती सोचले गर्दा जनसंख्याको आधाभन्दा बढि हिस्सा ओगटेका महिला विकसित देशको तुलनामा शिक्षाबाट बञ्चित रहन पुगेको देखिन्छ । शिक्षा सामाजिक परिवर्तनको महत्वपूर्ण आधार हो । मानवीय स्रोत विकासको एक मात्र माध्यम हो ।

नारी प्रतिको समाजले हेर्ने दृष्टिकोणमा केही परिवर्तन जरुर भएको छ तर हाम्रो जस्तो अधिकांश अशिक्षित समाजमा आज पनि बालक र बालिकामा ठूलो भेदभाव अभिभावकबाट गरेको देखिन्छ । यसमा सम्पूर्ण पक्षले ती अशिक्षित अभिभावकहरुमा चेतना फैलाएर छोरा र छोरीमा समान व्यवहार गर्ने बानीको विकास गराउन सकेमा शिक्षाबाट कुनै पनि बालिका वञ्चित हुने छैनन् ।

बस्नेत (२०६०) का अनुसार नेपालमा महिला शिक्षाको सुरुवात भारतीय महिला गंगावाईको प्रेरणाबाट प्रभावित भई वीर शमशशेरको पालामा ठमेलमा स्वमंद्धारा आधार शिक्षा लागु गरेकी थिईन । महिलालाई शिक्षित गराउने उद्देश्यले सुरु गरिएको शिक्षा दिने कार्यक्रममा जना महिला मात्र शिक्षा आर्जन गर्न सुरुवात गरेको हुनाले  यसलाई नै शिक्षाको औपचारिक शुरुवात मान्न सकिन्छ । शिक्षाको औपचारिक शुरुवात राणाकालवाट भएको पाइन्छ । महिलाको शिक्षामा सहभागिता बढाउनका लागि चन्द्र शमशेरले वि.स. २००४ सालमा पद्मकन्या वृद्धाश्रमको पनि स्थापना गरे । यसवाट महिलालाई शिक्षा दिने र सहभागिता बढाउन विशेष ध्यान दिएको पाइन्छ । तर पनि महिलालाई शिक्षा दिने काम गरेता पनि महिलामा शिक्षाको प्रतिशत न्यून भएको पाइन्छ ।

विकसित देशको दाँजोमा विकासोन्मुख देशमा सरकारले महिला भएकोमा हेर्दे दृष्टिकोण इतिहासको लामो कालखण्डसम्म सकारात्मक राख्न नसकेको हुनाले आज पनि अधिकांश महिला अशिक्षित साथै साक्षरमा सीमित भएकोले महिलाले महत्वपूर्ण स्थानमा पुग्ने अवसर अति न्यून रहेको देखिन्छ । यसलाई वृद्धि गर्नको लागि सबै सरोकार पक्षले ध्यान दिनुपर्ने देखिन्छ । जसले हालको न्यून अवस्थालाई वृद्धि गर्न मद्दत गर्ने छ ।

अधिकारी (२०६४) का अनुसार शिक्षा औपचारिक रुपमा शुरुवात भए पछि वि.स. २०११ साल फाल्गुण १६ गते राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनलाई नै पहिलो शिक्षाको दस्तावेजको रुपमा लिन सकिन्छ । उक्त आयोगले शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, र पाठ्यक्रम लगायत देशमा आवश्यकताको ख्याल गरी निःशुल्क तथा सार्वजनिक शिक्षाको व्यवस्था गर्नुपर्ने र शिक्षकलाई  तालिमको व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको थियो । यसरी

शिक्षा दिने काम एक आर्दशको काम हो भनेर उक्त प्रतिवेदनमा शिक्षालाई विशेष जोड दिन र सबैमा समान अवसर दिन खोजिएको थियो ।

समान अवसर राज्यले दिदैमा महिलाले पूर्ण अधिकार प्राप्त गर्ने अवस्था नरहेको हुनाले उनीहरुलाई समानताको नियम अनुसार हरेक क्षेत्रमा अधिकार प्रत्यायोजन गरेर उनीहरुको हालको न्यून अवस्थालाई वृद्धि गर्नको लागि सुनिश्चितता गर्नुपर्ने देखिन्छ ।

शिक्षा नियामावली (२०५९) का अनुसार सर्वसाधारण जनताको सदाचार, शिष्टता र नैतिकता कायम राख्न ज्ञान, विज्ञान र सिप आदि विभिन्न क्षेत्रमा विस्तार गर्दै लैजानका लागि जनसहभागिता परिचालन गरी गुणस्तरयुक्त मध्यम स्तरीय जनशक्तिको उत्पादन एवं उच्च शिक्षा प्रवेशका निमित्त पूर्वाधारका रुपमा हाल सञ्चालनमा रहेको दश बर्षे विद्यालय शिक्षामा दुई बर्षको एक शैक्षिक तह हुने गरी उच्च माध्यमिक शिक्षाको तह सिर्जना गरिएको छ ।

यसरी सरकारले उच्च माध्यमिक तह सञ्चालनको लागि दुई शिक्षक बराबरको अनुदान दिनु जसमा महिला र पुरुष शिक्षकको सम्बन्धमा उल्लेख नगर्नु उ.मा.वि. तहमा शिक्षकको दरवन्दी सृजना नगरी साथै उ.मा.वि. पूर्ण शिक्षण पनि उच्च माध्यमिक तहमा आंशिक शिक्षकहरुबाट कक्षा सञ्चालन गर्नुपरेको व्यथा एकातिर छ भने उच्च माध्यमिक तहमा पाँच जना शिक्षकको दरबन्दी व्यवस्था गर्ने सहमति भएता पनि यो कार्यान्वयन हुन नसक्नु र उच्च माध्यमिक तहमा महिला कोटाको निर्धारण नहुनुले पनि महिला संख्या न्यून रहन गएको पाईन्छ । यस तहलाई मध्यनजर राखेर उच्च माध्यमिक तहमा महिला शिक्षकको सहभागिता न्यून रहनुका कारण साथै महिला शिक्षक वृद्धिका लागि विभिन्न पक्षबाट अपनाउन पर्ने जिम्मेवारीको सेरोफेरोमा रहेर अध्ययन कार्य अघि बढाउने प्रयास गरिएको छ।

## १.२ समस्याको कथन

नेपाल एक भौगोलिक विविधताले घेरिएको विकासोन्मुख देश हो । घण्टौ लगाएर बालबालिका विद्यालय जानुपर्ने बाध्यता छ । भाषा समस्याको कारण कतिपय वालबालिका

विद्यालय छाड्न बाध्य छन् । त्यस्तै अभिभावकको चेतनाको कारण वालबालिकाहरुले विद्यालय शिक्षाबाट बञ्चित रहन बाध्य भएका छन् । नेपालमा उच्च माध्यमिक तहका विद्यालयको संख्या बढेता पनि महिला र पछिडिएका जनसंख्याको शिक्षण कार्यमा सहभागिता कम रहेको देखिन्छ ।  जसले गर्दा महिलालाई समान अवसरको धारणाले असर पुऱ्याईरहेको छ । सबै क्षेत्रमा समान अवसर प्राप्त गर्न नसक्दा शिक्षा क्षेत्रमा पनि यसको असर परिरहेको छ । लिङ्गभेदले पनि कार्यमा अन्तर ल्याउन सक्दछ । कतिपय सामाजिक संस्कार , धार्मिक प्रचलन कार्यको प्रकृतिले पनि महिला र पुरुष बिचमा कार्यढाँचा, स्तर , क्षमतामा अन्तर हुन सक्दछ । कतिपय कार्यमा पुरुषको बढी महत्व र कार्यशक्ति बढी हुन्छ भने कतिपय कार्यमा महिलाको महत्व बढी हुन्छ । विद्यालय तहमा शिक्षा दिने कार्यमा पुरुष शिक्षकबाट भन्दा महिला शिक्षकको स्नेह तथा सहानुभूति बढी प्राप्त गर्न सक्दछन् । वालबालिकालाई त्रास र भयको बिचमा शिक्षा दिदा चाहेजति ज्ञान लिन सक्दैनन् । बालबालिकालाई शिक्षा दिने कुरामा महिलाहरु अधिक मात्रामा कार्य प्रति जिम्मेवारी र लगनशीलता बढि भएको पाइन्छ ।

देशका सबै क्षेत्रमा समान अवसर प्रदान गर्न नसक्दा उच्च तहमा पुरुषको बाहुल्यता रहेका कारणले र महिलालाई उच्च शिक्षा हासिल गर्न विभिन्न किसिमका समस्याले गर्दा शिक्षण पेशाका कुनै पनि तहमा महिला शिक्षकको कोटा पुगेको देखिदैन । त्यसमा पनि उच्च माध्यमिक तहमा शिक्षण गर्नका लागि सम्बन्धि विषयमा स्नातकोत्तर तह उर्त्तीण गर्नु पर्ने बाध्यताले पनि महिला शिक्षक न्यून रहेको पाइन्छ । यसको मुख्य कारण अधिकांस बालिका प्रा.वि. तह पार गरिसकेपछि विद्यालय छाड्ने गर्दछन् । नि.मा.वि. र मा.वि.उर्त्तीण गर्दा त्यसको प्रतिशत घट्दै जाने र उच्च शिक्षा हासिल गर्न विभिन्न कठिनाई पर्ने घर परिवारबाट स्वीकृत नपाउने समय नहुँदै विवाह गरेर घरजम साथै परिवारिक झनझटमा फस्नु पर्ने छोरीले शिक्षा लिएर कुनै प्रगति गर्न सक्दैन भन्ने जस्ता रुढिवादी कुराबाट पनि महिलाहरु अन्यायमा परिरहेका छन् । जसको कारणले उ.मा.वि.तहमा महिला शिक्षकको न्यून उपस्थिति रहेको आँकडाबाट देखिन्छ ।

सरकारले अन्तरिम संविधानमा महिलाको सबै क्षेत्रमा न्यून उपस्थिति रहेको र उनीहरुलाई पनि समावेशीकरण गर्दै सबै क्षेत्रमा पहुँच बढाउनु पर्दछ भन्ने कुराको महशुस गरी हरेक

क्षेत्रमा कम्तिमा ३३ % महिला कोटा र हरेक समितिमा ३३% महिला आरक्षण सिट छुट्याएको छ तर पनि विभिन्न समस्या र कारणले त्यो लक्ष्य पुरा हुन सकिरहेको छैन शिक्षाको क्षेत्रमा पनि सरकारको मापदण्ड पुरा हुन सकेमा बालबालिकाको सिकाई उपलब्धिमा वृद्धि हुने देखिन्छ । विद्यालयमा विद्यार्थी भर्नादर बढ्ने साथै उत्तीर्णदरमा पनि वृद्धि हुने आशा राख्न सकिन्छ । महिलाहरु आफ्नो कार्य प्रति बढि सजक र संवेदनशील हुने हुनाले उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था थाहा पाउनको लागि यस शीर्षकलाई समस्याको कथनको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि कार्य गर्नको लागि  समान अवसर महिला र पुरुषको बिचमा पहुँच बराबर भएमा उक्त कार्य सफल गर्न सकिने  विगतका  विभिन्न कार्यमा  महिलाको सक्रिय सहभागिता र देशमा त्यसले ल्याएका राजनैतिक, आर्थिक साथै सामाजिक परिर्वतनका थुप्रै उदाहरण रहेका छन् । चाहे त्यो वि.सं. २०४६ सालको जनआन्दोलन होस वा २०६३ सालको लोकतान्त्रिक जनआन्दोलन होस् त्यसमा महिलाहरुको सकृय सहभागिताको कारणले मात्र सफल हुन सम्भव भएको थियो । यदि नारी र पुरुषको दुई पाटा मध्ये एक पाटालाई छाडेर एउटा मात्र पाटो अगाडि बढाउन खोजेमा त्यसको परिणाम नकारात्मक हुन जान्छ । "जहाँ नारीको सम्मान हुन्छ त्यहा देवता पनि खुशी हुन्छन् ।" भन्ने मनुस्मृतिको महानवाणीबाट के प्रष्ट हुन्छ भने महिलाहरुलाई सम्मान जनक स्थानमा राख्नु पर्ने देखिन्छ । आज देशको आधा आकाश ढाक्ने महिलाहरु अधिकार विहिन अवस्थामा चुलो चौकोमा र केवल पुरुषको मनोरञ्जनको साधनको रुपमा हेरिएकोले समाजको अवस्थामा चेतना वृद्धि हुन नसकेको उदाहरण इतिहासबाट पत्ता लाग्दछ । यहि कुरालाई मनन गरेर संविधानमा महिला तथा पिछडिएका समुदायलाई अगाडि नल्याई देशको  विकास हुन सक्दैन भन्ने  कुराको चेतना आएको र महिलाहरु पनि राज्यको नीति नियम बनाउने ठाउँमा राम्रो उपस्थिति रहेको कारणले गर्दा महिलालाई न्यूनतम निश्चित कोटा छुट्याएको पाइन्छ ।

शिक्षा  क्षेत्रमा महिला शिक्षकको संख्या बढाउन सकिएन भने शिक्षण कार्य प्रभावकारी हुन सक्दैन् । नेपालले सबै क्षेत्रमा महिलाहरुलाई समावेशीकरण गर्दै जाने नीति अबलम्बन गरिसकेको अवस्था छ । उच्च शिक्षा हासिल गर्ने महिलाको संख्यामा दिन प्रतिदिन वृद्धि हुदै

गएको  पुरुषहरु विदेशमा पलाएन हुने अवस्था बढ्दो छ । यस अवस्थामा छात्रले उच्च शिक्षा हासिल गर्नु भन्दा कम उमेरमा धन कमाउन र सुख सयल गर्ने प्रवृति बढ्दै गएको अवस्थामा भोलिका दिनमा उच्च शिक्षा हासिल गर्ने महिला हुन सक्दछन् । त्यस अवस्थामा महिलाको हरेक क्षेत्रमा पहुँच बढ्न सक्ने सम्भावना  देखिन्छ । आजको अवस्थाको चित्रण गर्दा महिलालाई सम्मान जनक स्थानमा वा उच्च ओहदामा न्यून उपस्थितिका कारणले उनीहरुका हरेक हक अधिकार पूर्ण रुपमा प्राप्त गर्न सकिरहेको अवस्था छैन ।

महिला शिक्षक न्यून रहनु र उनीहरुलाई जिम्मेवार पदमा स्थापना गर्न नसकिरहको यथार्थता र भविष्यमा महिला शिक्षकको संख्यामा वृद्धि गरी समावशीकरण गराउनको लागि सहयोग पुऱ्याउनु यस अध्ययनको औचित्य रहेको छ । यस अध्ययनले  उच्च माध्यमिक तहमा महिला शिक्षकको वास्तविक अवस्था जान्न चाहने सम्बन्धित पक्षलाई निम्नानुसार सहयोग पुऱ्याउनेछ ।

क) उच्च माध्यमिक तहमा महिला शिक्षकका वास्तविक अवस्था पहिचान गरी शिक्षा क्षेत्रका जानकारलाई सहयोग पुऱ्याउछ ।

ख) सरकारी गैर सरकारी संघसंस्थालाई शिक्षा क्षेत्रमा समावेशी- करणको योजना बनाउन सहयोग पुऱ्याउँदछ ।

ग) शिक्षा कार्यालय, स्रोतकेन्द्र र विद्यालयलाई महिला शिक्षाको योजना निमार्ण गर्न सहयोग पुग्दछ ।

घ) गुणस्तरीय शिक्षा प्रदान गर्न तालिम अप्राप्त महिला शिक्षकलाई तालिमको व्यवस्था गरी शैक्षिक पक्षमा सुधार गर्न सहयोग पुग्दछ ।

ङ) महिला शिक्षकलाई विद्यालयमा दिइएको जिम्मेवारी साथै कार्य गर्नका लागि देखिएका चुनौती समाधान गर्न सहयोग पुग्दछ ।

च) स्थानीय स्तरमा शैक्षिक समस्याहरु समाधान गर्न उपयोगी हुनेछ ।

छ) उच्च माध्यमिक तहको सिकाई उपलब्धिमा महिला शिक्षकको शिक्षणबाट पारेको प्रभाव पत्ता लगाउन सहयोग  पुऱ्याउँछ ।

ज) विद्यालय, स्रोतकन्द्र, स्थानीय निकाय, सरकार तथा दातृनिकायहरुलाई समेत शैक्षिक योजना, नीतिनियम तथा कार्यक्रम तर्जुमा गरी महिला शिक्षक वृद्धि र कार्यन्वयन गर्न मद्धत पुग्नेछ ।

झ) विभिन्न शैक्षिक संघ संस्था, शैक्षिक सरोकारवालाहरु,शिक्षा मन्त्रालय गरी शिक्षाको व्यवस्थापन सम्वन्धि र नवशोधार्थीहरुका लागि समेत यस अध्ययन उपयागी रहनेछ ।

ञ) नेपाल सरकारले उच्च माध्यमिक शिक्षा परिषद एवं सम्पूर्ण सरोकारवालाहरुलाई नीतिनियम बनाएर महिला शिक्षक वृद्धि गर्न सहयोग पुग्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि उद्देश्य निम्नानुसार रहेका छन् ।

क) उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था विश्लेषण गर्नु ।

ख) उच्च माध्यमिक तहमा महिला शिक्षकको सहभागितामा प्रभाव पार्ने तत्व पहिचान गर्नु ।

ग) उच्च माध्यमिक तहमा महिला शिक्षकको शिक्षण पेशामा आइपर्ने समस्या पत्ता लगाउनु।

घ) उच्च माध्यमिक तहमा महिला शिक्षकको शिक्षण पेशामा आइपर्ने समस्या समधानका उपाय पत्ता लगाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनको निर्धारित उद्देश्यका लागि निम्नानुसार अनुशन्धानात्मक प्रश्नहरु राखिएका छन् ।

क) उच्च माध्यमिक तहमा महिला शिक्षकको सहभागिता कस्तो छ ?

ख) उच्च माध्यमिक तहमा कति महिला शिक्षक जिम्मेवार पदमा रहेका छन् ?

ग) उच्च माध्यमिक तहमा अध्यापनरत महिलाको शिक्षकको समस्याहरु के के छन् ?

घ) विद्यालयले महिला शिक्षकलाई कस्ता जिम्मेवारी प्रदान गरेका छन् ?

ङ) महिला शिक्षकको शिक्षण कार्यमा समस्याहरु समाधानका लागि के-के यपाय अपनाउन सकिन्छ ?

च) महिला शिक्षकको शिक्षण कार्यलाई प्रभावकारी बनाउन के के गर्नुपर्ला ?

छ) महिला शिक्षक वृद्धिमा प्रभाव पार्ने तत्व के के हुन् ?

ज) महिला शिक्षक वृद्धिका लागि सरोकार वालाले अपनाउनु पर्ने उपायहरु के के छन् ?

## १.६ अध्ययनको परिसीमा

लुम्बिनी अञ्चल पाल्पा जिल्लामा रहेका १८ वटा स्रोतकेन्द्रहरु मध्येबाट तानसेन स्रोतकेन्द्र अर्न्तगतका ४ वटा सामुदायिक उ.मा.वि. नायरनम्तलेस गा.वि.स. अर्न्तगत सिद्धि मा.वि.मा रहेको स्रोतकेन्द्रबाट २ वटा सामुदायिक उ.मा.वि. र चापपानी स्रोतकेन्द्र चन्द्र उ.मा.वि.अर्न्तगत रहेका २ वटा सामुदायिक उ.मा.वि.गरी जम्मा ८ वटा सामुदायिक उ.मा.वि लाई अध्ययनको क्षेत्रमा सीमित राखिएको छ । सीमित स्रोत साधन तथा कम समयको बाबजुत पनि अध्ययन गरिएको यस अनुसन्धानमा ८ वटा विद्यालयका उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था विश्लेषण गर्न, महिला शिक्षकको सहभागितामा प्रभाव पार्ने तत्व पहिचान गर्न, महिला शिक्षकको शिक्षण पेशामा आइपर्ने समस्या पत्ता लगाउन र समस्या समाधानका उपयुक्त उपायहरु पत्ता लगाउनमा अध्ययनलाई परिसीमित गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था शीर्षकको यस शोधकार्यलाई निश्चित दिशा दिन सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनलाई औचित्यपूर्ण बनाएको छ । शोध अध्ययनलाई व्यवस्थित बनाउन उपयुक्त सैद्धान्तिक खाकालाई उल्लेख गरिएको छ । यस परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्यका पुनरावलोकन अध्ययनलाई सार्थक र अध्ययन पूर्ण तुल्याउछ । उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था अध्ययन गरिएका सम्बन्धित साहित्यको पुनरावलोकन निम्नानुसार उल्लेख गरिएको छ-

विद्यालयमा उचित शैक्षिक वातावरण निमार्ण गर्न  शिक्षण कार्यलाई प्रभावकारी र व्यवस्थित गर्न सिकाईका उद्देश्यहरु पुरा गर्न सहयोग पुऱ्याउने खालका सामाग्री हुनु आवश्यक छ । अभिभावक तथा विद्यार्थीको चाहानाअनुसार विद्यालयमा शिक्षकको व्यवस्था गर्न सकेको खण्डमा मात्र शैक्षणिक उपलब्धि प्राप्त गर्न सकिन्छ । शक्षिक लक्ष्य प्राप्त गर्नका लागि दक्ष तथा प्रतिभावान शिक्षकको शिक्षणबाट मात्र उचित शैक्षणिक उपलब्धि प्राप्त गर्न सकिन्छ । विद्यालयमा सबै पक्षलाई सन्तुलित रुपमा लैजान सकेको खण्डमा साथै विद्यालयमा सबै पक्षको सहभागिताबाट मात्र विद्यालयको शैक्षिक उपलब्धिमा वृद्धि हुने र सबैको सहभागिताले मात्र शिक्षामा महत्वपूर्ण उपलब्धि हासिल हुन सक्ने कुरामा विश्वास गर्न सकिन्छ ।

उच्च माध्यमिक विद्यालयमा चाहे पुरुष वा महिला शिक्षक हुन लिङ्गको आधारमा पनि सिकाई उपलब्धिमा प्रभाव पारिरहेको हुन्छ । बालबालिकालाई उनीहरुको इच्छाअनुसार मनोभावना बुझेर शिक्षण कार्य गर्दा विद्यालयमा बालबालिकाको भर्नादर वृद्धि हुने साथै उर्त्तीण दरमा वृद्धि, विद्यालय छाड्ने प्रवृत्तिमा क्रमशः सुधार आउन् गर्दछ । यसका लागि उद्देश्य अनुसार शिक्षण कार्य गर्न नितान्त आवश्यक हुन्छ । यसको लागि महिलालाई शिक्षण

कार्यमा अधिक सहभागिता गराउँदा शिक्षण कार्य बढी प्रभावकारी हुने देखिन्छ । महिला शिक्षक भर्नामा अधिक जोड दिनुपर्ने देखिन्छ ।

बज्राचार्य (२०६७) का अनुसार सामुदायिक माध्यमिक विद्यालयमा महिला शिक्षकको अवस्था शीर्षकमा गरेको शोध पत्रमा शिक्षण पेशामा अध्ययनको क्षेत्रमा ३६% महिला शिक्षण पेशामा रहेको उल्लेख भए अनुसार महिला शिक्षक प्रतिशत सरकारी मापदण्ड अनुसार सन्तोषजनक रहेको पाइन्छ । उच्च माध्यमिक तहमा अध्ययनरत महिला २६% ले स्नातकोत्तर तह उत्तीर्ण गरी उच्च माध्यमिक तहमा अध्यापन गराइ रहेको साथै अध्यापनमा प्रा.वि. तहमा पुरुषको तुलनामा महिलाले राम्रोसँग अध्यापन गराई रहेको यदि मौका पाएमा पुरुषकै हाराहारीमा नेतृत्व समन्वय र सामाजिकीकरण गर्ने क्षमता महिला शिक्षकमा रहेको पाइन्छ ।

महिला शिक्षकको समस्या केलाउदा सामाजिक समस्या, घरायसी कार्यबोझ, समय व्यवस्थापनमा कठिनाइ, स्तनपानको समस्याहरु रहेको पाइन्छ । उपयुक्त समय, व्यवस्थापन गर्नु व्यवहारिक सहुलियत प्रदान गर्नु, खुलेर बहस गर्न लगाउनु, माथिल्लो कक्षामा पढाउने अवसर दिनु, नेतृत्व र जिम्मेवारी दिनु, विश्वासको वातावरण सृजना गर्नुपर्ने देखिन्छ ।

भण्डारी (२०६८) का अनुसार संस्थागत विद्यालयका महिला शिक्षकमा समयको अभाव, पेशाको सुरक्षा नहुनु, आर्थिक अभाव तालिमको अभाव, क्षिण सामग्री तथा सन्दर्भसामग्रीको अभाव, पाठ्यपुस्तकको परिवर्तन, कक्षा शिक्षणमा कठिनाइ पर्नु जस्ता समस्याहरु रहेको पाइयो । समस्या समाधानका उपायमा तलवमा वृद्धि गर्नुपर्ने, ऐन नियमावलीमा पूर्ण कार्यन्वयन गर्नुपर्ने तालिमको व्यवस्था गर्नु पर्ने, शिक्षण भार कम गर्ने, तल्लो कक्षामा सुसारेको व्यवस्था गर्नुपर्ने कम उमेरका बालबालिका भर्ना नगर्ने, पाठ्यक्रम पाठ्यपुस्तक प्रवोधिकरण तालिम दिने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

संस्थागत विद्यालयका महिला शिक्षकहरुको समस्या केलाउँदा अत्याधिक शोषण तथा न्यून तलवमानको कारणले परिवारमा खर्च चलाउन कठिन हुने साथै शिक्षण भार अत्याधिक

भएको हुनाले एकातिर आमाको भूमिका निभाउनु साथै घरपरिवारमा सबै काम गर्नुपर्ने हुनाले अध्यापन कार्यमा असर पारिरहेको देखिन्छ ।

काफ्ले, ढकाल र अधिकारी (२०६५) का अनुसार नेपालमा सामाजिक न्यायका लागि महिला आन्दोलन शीर्षकमा लेखकले २१ औं शताब्दीमा नागरिक सहभागिता र क्रियाशिलता र प्रतिस्पर्धात्मक युगमा पनि हाम्रो समाज लैङ्गिक असमानता र भेदभावबाट मुक्त छैन् । यो असमानता र भेदभावको स्थिति दक्षिण एसियाकै परिप्रेक्षमा अत्यन्तै उच्च छ । नेपाली महिलाहरु अशिक्षा, अस्वस्थता, गरिवी, रुढिवादी, सस्कृति आदिको कारणले समानताको हरेक क्षेत्रमा शोषित पिडित , उपेक्षित र असुरक्षित जीवन विताउन बाध्य छन् । यस्तो विवश जीवन बिताउन बाध्य भएका महिलाहरुलाई छैटौं योजनाको सुरुवात देखि विकास अभियानमा सहभागी गराउने नीति राज्यले गर्दै आए पनि लैङ्गिक असमानताको अन्त्य हुने लक्ष्यणहरु कमै देखा परेका छन् ।

शिक्षा विभागको आधारपत्र (२०६४/०६५) का अनुसार देशमा लामो समयको द्धन्दले गर्दा नराम्रो संग जनमानसमा युद्धको असर परेको पाईन्छ । त्यो समयमा शिक्षामा पनि नराम्रो असर परेको देखिन्छ । जसको फलस्वरुप द्धन्दको समाप्ति पछि २०६७/०६८ लागु हुने गरि त्रिवर्षीय अन्तरिम योजनाको आधार पत्र शिक्षा सम्बन्धि द्धन्द पछिको विशिष्ट अवस्थामा रोजगारी अभिवृद्धि तथा शान्ति स्थापना सहयोग पुग्ने गरि सार्वजनिक लगानी बृद्धि गर्ने तथा पुनःनिर्माण , पुनःएकीकरण, पुनःस्थापना समावेशीकरण र अर्थतन्त्रको पुनःस्थापनामा विशेष जोड दिएको छ । देशमा आर्थिक, सामाजिक तथा क्षेत्रीय विकास समेट्न नसकेका महिला, आदिवासी, मधेशी समुदाय ,न्यून आयवर्ग र कर्णाली अञ्चलवासी लगायत अति दुर्गम क्षेत्रका जनाताको हितलाई ध्यान दिएको छ । हाल बालिकाहरु ८४% मात्र विद्यालय जाने गरेको विद्यालयको भर्नादर अभिलेखबाट देखिन्छ । जव उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले देशका आधा जनसंख्या ओगटेका महिलाको निरक्षरता ७०% रहेकामा प्रा.वि. तहमा ८०% मात्र वालबालिका विद्यालय आएको पाईन्छ ।

यसरी शैक्षिक क्षेत्रमा विभिन्न कारणले गर्दा महिला साक्षरता दरमा उल्लेखनीय उपलब्धि हुन सकिरहेको छैन् । साक्षरतादरलाई वृद्धि गर्नका लागि सरकारले अनौपचारिक शिक्षा

मार्फत ठुलो धनरासी लगानी गरेको छ । महिलालाई हरेक क्षेत्रमा समावेशीकरणको नारा दिएर कार्यक्रम बनाएको भएता पनि यो पूर्ण रुपमा सफलता प्राप्त गर्न सकिरहेको अवस्था छैन ।

काफ्ले, ढकाल, अधिकारी (२०६५) का अनुसार (२०५९-२०६४) दशौं पञ्च वर्षीय राष्ट्रिय योजना आयोगको दिर्घकालिन अवधारणमा उल्लेख गरिए अनुसार दिगो आर्थिक वृद्धि र लक्ष्य हासिल गर्न महिला विरुद्ध सबै भेदभावहरु अन्त्य गर्दै महिला विकासको परिसूचकमा अभिवृद्धि गरी अधिकारको बारेमा समानता र समतामूलक समाज निर्माण गर्नु मुख्य लक्ष्य राखिएको थियो । परिमाणात्मक लक्ष्य लैङ्गिक विकास, सूचक ०.५५ पुऱ्याउने लैङ्गिक शशक्ति मापन ०.५०० पुऱ्याउने र नीति निर्माणमा महिला सहभागितामा कम्तीमा २०% पुऱ्याउने लक्ष्य लिएको थियो । यसरी शिक्षा क्षेत्रमा भएको विद्यामान चुनौतिलाई समेत ध्यानमा राखी उद्देश्यको पहिलो बुदाँमै साक्षरता साक्षरोत्तर आयमूलक र जीवनउपयोगी औपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरि विशेष पिछडिएको समुदाय तथा महिलाको जीवनस्तर उकास्न मद्धत पुऱ्याउने भनि किटान गरिएको थियो । “सबैको लागि शिक्षा” कार्यक्रमले महिला तथा अपाङ्गका लागि शिक्षाको अवसरहरुमा पहुँच बढाउन विशेष व्यवस्था गर्नुपर्ने उल्लेख भएको थियो । प्राथमिक तहको खुद भर्नादर ९०% पुऱ्याउने महिला शिक्षकको अनुपात ५०% पुऱ्याउने लक्ष्य लिएको थियो । साथै महिला शिक्षक सम्बन्धित क्षेत्रमा महिला दलित एवं पिछडिएका वर्गको पहुँच बढाउने छात्रवृत्तिको व्यवस्था मिलाउने भनी उल्लेख गरेको पाईन्छ ।

महिला शिक्षकको विश्लेषण गर्दा हालको अवस्थामा सुधार ल्याउन उ.मा.वि. तहमा सरकारले नीति अनुरुप महिला शिक्षक राख्नुपर्ने देखिन्छ । हालको अति न्यून शिक्षण पेशामा लागेका महिलाहरुको वृद्धि गर्न हरेक पक्षले त्यसतर्फ गम्भीर भएर सकारात्मक कदम चाल्नुपर्ने र महिलाहरुलाई नेतृत्व दिनुपर्ने देखिन्छ ।

कोइराला र श्रेष्ठ (२०६६)का अनुसार समाजमा सबै व्यक्तिको क्षमता समान रुपले जव सम्म हुदैन ज-जसको जुन क्षेत्रमा जेजति आवश्यकता, दक्षता र योग्यता रहेको छ सोही अनुरुप उसलाई आवश्यक पहुँच तथा नियन्त्रण गर्ने अधिकार प्रदान गर्नु समता हो । यस

सन्दर्भमा सबै क्षेत्र र विषयमा महिला तथा पुरुष बिच लैङ्गिक आधारमा समानताको अवसर प्रदान गर्न उपयुक्त नहुने अवस्था पनि हुन सक्दछ । सो अवस्थामा लङ्गिक समताको सिद्धान्त अनुसार  अवसर, पहुँच तथा नियन्त्रणको अधिकार प्रदान गर्नुपर्दछ । पुरुषको सहभागिता पहिले नै महिलाको भन्दा बढी रहेको छ । यस अवस्थामा लैङ्गिक समानताको सिद्धान्त लागु नभएर समताको सिद्धान्त अनुसार कार्य गर्नुपर्दछ ।

हाम्रो देशको परिवेशमा यस सिद्धान्तलाई अत्यन्तै प्रभावकारी मान्न सकिन्छ । समानता यस अवस्थामा लागु हुन्छ, जहाँ समान योग्यता, आवश्यकता, परिस्थितिको अवस्था विद्यमान रहन्छ । नेपालमा पुरुष भन्दा महिला धेरै कुरामा पछि परेका हुनाले महिलालाई बढी अवसरको खाँचो छ । बढी अधिकारको आवश्यकता रहेको हुनाले लैङ्गिक समताको सिद्धान्त अनुसार राष्ट्रको सम्पूर्ण क्षेत्रमा महिलाहरुलाई पुरुष भन्दा बढी अवसर तथा नियन्त्रणको अधिकार प्रदान गर्नुपर्दछ । यहि लैङ्गिक समताको सिद्धान्त अनुसार नै अहिले विश्वभरी सकारात्मक विभेद नीतिको प्रचलन चलिरहेको छ । यहि लैङ्गिक समतामूलक उपचारको माध्यमले भविष्यमा लैङ्गिक समतामूलक व्यवहार गरी लैङ्गिक विभेदमुक्त समाज निमार्ण गर्न सकिनेछ ।

शैक्षिक संस्थामा महिला शिक्षिकाको सहभागिता क्रमश : बढिरहेको छ । शिक्षाको विभिन्न तहमा महिलाको सहभागिता निकै कम छ । विद्यालयमा प्रधानाध्यपक, प्राचार्य, जि.शि.अ., विद्यालय निरीक्षक, सुपरिवेक्षक जस्ता शैक्षिक प्रशासनको रुपमा फाट्टफुट्ट महिलाहरु पनि रहेका छन् । सो भन्दा माथिल्लो निकायमा महिलाको न्यून सहभागिता रहेको विभिन्न अध्ययनबाट पाइन्छ । पुरुष प्रधान समाजमा महिलालाई हेर्ने दृष्ट्रिकोण त्यति सकारात्मक नभएको स्थिति छ । यस्तो अवस्थामा पनि शैक्षिक व्यवस्थापनमा समेत महिलाको सहभागिता बढिरहेको स्थिति प्रति सन्तोष मान्नुपर्ने ठाँउ श्रृजना भएको छ । कर्मचारी प्रशासनको तुलनामा शैक्षिक प्रशासन व्यवस्थापनमा भने उच्च तहमा समेत महिलाको सहभागिता सन्तोष जनक छ । प्राथमिक तहमा प्रत्येक विद्यालयमा न्यूनतम एकजना महिला शिक्षक हुनुकै शैक्षिक योजनामा गरिएको व्यवस्थाले यसको संख्या प्रशस्त मात्रामा बढेको छ। उ.मा.वि.को तुलनामा मा.वि.मा, मा.वि.को तुलनामा नि.मा.वि.मा , नि.मा.वि. को तुलनामा प्रा.वि. मा महिला  शिक्षक  संख्या  बढेको  तथ्याङ्कले देखाउँछ

एजुकेसनल पेजेज (बैशाख १ देखि १५ सम्म २०६८) मा उल्लेख भए अनुसार महिलाले बदले स्कूल भन्ने शीर्षकमा संवाददाताले यसरी उल्लेख गरेको पाईन्छ । सुर्खेत जिल्लामा रहेको देउती प्रा.वि. दौसे मैना डाडाँ ९ को विद्यालयमा ढेड दशक पछि देवि सुनवार वि.व्य.स.को अध्यक्ष भए पछि सो विद्यालयको सुधारको लहर छाएको छ । उहाँको अग्रसरतामा बर्षौ देखि जीर्ण विद्यालयका कक्षाकोठा र जिल्ला शिक्षा कार्यालयको सहयोगमा प्लाष्टर गरिएको छ । विद्यालयमा  व्यवस्थित शौचालयको निर्मााण नहुदा विद्यार्थी खुल्ला ठाउँमा दिशा पिसाब गर्न बाध्य भएको कारणले शौचालय निर्माण तथा मर्मत गरिएको छ । विद्यालयको छाप हान्नुपरेमा वा दस्तखत लिनुपरेमा समिति कता छन् भनेर खोज्नुपर्ने स्थिति थियो र अहिले जहाँ जति वेला पनि उपलब्ध हुन्छ । विद्यालयका प्र.अ.देव बहादुर बुढा मगरले भन्नुभयो । विद्यालयको आय व्याय समेत पारदर्शी भएको छ । व्यवस्थापन समितिमा ११ जना मध्ये २ जना महिला रहे पनि नेतृत्व तहमा महिला भएकोले विद्यालय व्यवस्थित बन्दै गएको छ । अर्को विद्यालय हिमालयन विद्यालय व्यवस्थापन समितिमा मंगला वि.क.व्यवस्थापन समितिमा सदस्य भएपछि उक्त विद्यालयमा उनको पहलले ४ कोठे भवन निर्माण गर्नुका साथै आमा समुह गठन गरेर वालबालिकालाई चाहिने सामाग्री समेत उपलब्ध गराउनु भएको छ ।

## २.२ सैद्धान्तिक खाका

यस अध्ययनको लागि निम्नानुसारको सैद्धान्तिक खाकालाई उल्लेख गरिएको छ ।

**क) अब्राहम मास्लो को अभिप्रेरणाको सिद्धान्त**

**ख) मेरी पार्कर फोलेटको मानव सम्बन्ध सिद्धान्त**

### क) अब्राहम मास्लोको अभिप्रेरणाको सिद्धान्त

कोईराला र श्रेष्ठ (२०६६) का अनुसार अमेरिकी मनोबैज्ञानिक अब्राहम मास्लोद्धारा सन् १९४३ मा प्रतिस्पादन गरेको आवश्यकतामा आधारित सिद्धान्तलाई मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्त भनिन्छ । यस सिद्धान्तमा मानिसका आवश्यकताहरु अनगिन्ती हुने गर्दछन्। त्यसलाई मास्लोले श्रृङ्खलावद्ध रुपमा ५ श्रेणीमा विभाजन गरेका छन् ।

### क) शारीरिक आवश्यकता

यो आवश्यकताको पहिलो रुप हो । यसमा खाना, हावा, पानी, लगाउने कपडा साथै बासको अवश्यकता पर्दछन् । यी आवश्यकता परिपूर्तिका लागि प्रयत्न गरिरहेको हुन्छ ।

### ख) सुरक्षात्मक आवश्यकता

मानिसलाई शारीरिक आवश्यकता पछि सुरक्षात्मक अवाश्यकता परिपूर्ति गर्न उत्प्रेरित हुन्छ। जसमा आर्थिक संकट, मानसिक संकट, शारीरिक संकट र अस्वस्थाबाट बच्च चाहन्छ । कामको सरररक्षा, बस्ने सुरक्षित घरको आवश्यकता, स्थायित्व, राम्रो सुरक्षित जागिरको आवश्यकता महशुस गर्न थाल्दछ । उक्त कुरा प्राप्तिको लागि प्रयत्न गरिरहेको हुन्छ ।

### ग) सामाजिक आवश्यकता

मानिस एक सामाीजक प्राणी हो जो शारीरिक आवश्यकता र सुरक्षात्मक आवश्यकता पुरा भएपछि उसले समाजमा आफ्नो पहिचानलाई अगाडि बढाउन चाहन्छ । जसको लागि विभिन्न पदमा रहेर सम्वन्धलाई बढाउन चाहिरहेको हुन्छ । सामाजिक मूल्य र मान्यता प्रति, सामाजिक दायित्व प्रति उत्प्रेरित हुने गर्दछ ।

### घ) स्वाभिमानको आवश्यकता

मानिसमा माथिका क्रमबद्ध तीनवटा आवश्यकता पूरा भइसकेपछि अहमता बढ्न सक्दछ । आफ्नो स्वाभिमान, मान सम्मान, पहिचान स्थानको खोजी गर्न थाल्दछ । आफूले गरेको सफलता प्रति गर्व गर्दै सम्मानको आवश्यकता, शक्ति, प्रतिष्ठा, पद, मर्यादा, प्रसंसा पुरस्कार आदिबाट सम्मानित हुन चाहन्छ । संघसंस्थामा आफू सम्मानित भएर रहन चाहन्छ । सोही अनुरुप संस्थामा राम्रो काम गरे वापत पुरस्कारबाट सम्मानित हुन तिर उत्प्रेरित भइरहेको हुन्छ । यसले कार्य प्रति उत्प्रेरित भइ राम्रो काम गर्न मद्दत गर्दछ ।

### ङ) आत्मसन्तुष्टिको आवश्यकता

मानिसका चारवटा आवश्यकता पूरा गरे पछि अन्तिम आवश्यकताको रुपमा आत्मसन्तुष्टिको आवश्यकता तिर अग्रसर हुने गर्दछ । कसैले मान सम्मान साथै व्यक्तिगत उन्नतीको चाहना राखिरहेको हुन्छ । यो फरक फरक हुने गर्दछ । यो आवश्यकता

परिपूर्तिबाट आत्मसन्तुष्टि लिने गर्दछ । यसमा मानपदवी तथा प्रमोशन तथा तलव वृद्धि आदि जस्ता कुराहरु पर्दछन् । यसलाई आत्म सन्तुष्टिको आवश्यकता भनिन्छ ।

अब्राहम मास्लोको सिद्धान्तबाट के कुरा भन्न सकिन्छ भने मानिसमा अन्तर आत्मामा आफु स्वालम्बी बनेर अरुको भरमा सके सम्म बस्न चाहदैन । त्यसैले महिलाहरु अवसर पाएमा आफ्नो जीवनलाई स्वावलम्बी बनाउन अन्तर आत्मा देखि नै इच्छा गरिराखेका हुन्छन् । उनीहरुका पनि श्रृङ्खलाबद्ध चाहना हुने हुदाँ मास्लोको सिद्धान्त अनुसार चल्न चाहन्छन् । यसको लागि उनीहरुलाई पुरुषको अभिप्रेरणाको आवश्यकता पर्दछ । मानिसका अन्तर आत्ममा सामाजिक मूल्य मान्यता प्रति अभिप्रेरित हुन्छ । संघ संगठन आदिमा आफ्नो सहभागिता बढाउनुको साथै नेतृत्व लिने कुरामा पेशागत संघ संगठनको नेतृत्व गर्ने जस्ता दायित्व प्रति व्यक्ति उत्प्रेरित हुन्छ । चौथो अवस्थामा स्वाभिमानको सिद्धान्त अनुसार आफ्नो मान सम्मान, स्वाभिमान, पहिचान, स्थानको खोजी गर्न थाल्दछ । आफुले प्राप्त गरेका सफलता, सामाजिक कार्य प्रति गर्दा गर्दै आत्मसाथ एवम सामाजिक प्रतिष्ठाको आवश्यक महशुस गर्दछ । यो सम्मानको  आवश्यकता शक्ति, प्रतिष्ठा, पद, योग्यता, मर्यादा, प्रशंसा, पुरस्कार आदिवाट पूरा गर्न सकिन्छ ।

मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्तले युगौ देखि अधिकार विहिन बनाएर राखिएका महिलालाई यदि अवसर दिएमा उनीहरुले पनि आफ्नो जीवनलाई उच्च सम्मानका साथ बिताउन चाहिरहेका हुन्छन् । पुरुष प्रधान समाजमा पुरुषको दमन पूर्ण  शासनले लिङ्गको आधारमा सम्पूर्ण कुरालाई एकातिर थन्क्याएर उनीहरुकै जसो गर्नु परेको यदि पुरुषको भावना विपरित कार्य  गरेमा विभिन्न यातना थिचोमिचोका साथै ज्यान समेत गुमाउनु परेका घटनाले गर्दा उनीहरु डरले खुम्चिनु परेका पीडाहरु छदैछन । यसरी शिक्षावाट वंचित रहेका महिलालाई विस्तारै शिक्षा प्राप्तवाट अगाडि बढेर उनीहरुले पनि पुरुषले भन्दा निष्ठापूर्वक कार्य गर्न सक्दछन भन्ने उदाहरणहरु देखाएका छन् ।

## (ख) मेरी पार्कर फोलेटको मानव सम्बन्ध सिद्धान्त

कोइराला र श्रेष्ठ (२०६६) अनुसार, मेरी पार्कर फोलेटको मानव सम्बन्धको सिद्धान्त इ.स. १९५० तिर प्रचलित रहेको पाइन्छ । यस अगाडिका सिद्धान्तले संगठन र सहकार्यलाई

यान्त्रिक दृष्टिले हेरेको कारण यो सिद्धान्तको शुरुवात भएको हो । शास्त्रीय व्यवस्थापनले काम गर्ने ठाँउमा मेलमिलाप र उत्पादन कार्यकुशलतामा नयाँ विचारहरु विकसित भएका छन । कुनै पनि संगठन वा कार्यलयमा कार्य गर्नेहरु बिचमा मानव सम्बन्ध राम्रो भएमा मात्र कार्य सम्पादन पनि राम्रो चाडो र स्तरीय हुने र त्यसको विपरित मानव सम्बन्ध नराम्रो भएमा कार्यसम्पादन पनि ढिलो, नराम्रो र कम गुणस्तरीय हुने हुनाले उत्पादन प्रक्रियामा प्रभाव पार्दछ । यस्तो सिद्धान्तलाई अन्तरव्यायक्तिक व्यवहार भनिन्छ ।

मानव सम्बन्ध भन्नाले मानवलाई मानव जस्तो व्यवहार गर्नुपर्ने । संगठनको वस्तु तथा सम्पत्तिको रुपमा लिनुहुदैन । संगठनमा सबैभन्दा ठूलो सम्पत्ति भनेकै मानव संसाधन हो । मानवीय अस्तित्व भिन्दै सम्पत्ति हो भनेर स्वीकार गर्नुपर्दछ । यदि सबै मिलेर हरेक समस्याको समाधान गर्नु छ भने  एकले अर्कालाई बुझेर व्यवहार गर्नुपर्दछ । जति धेरै मानवीय सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम भई स्तरीयता एवं प्रभावकारीता हासिल हुन्छ  भन्ने मानव सम्बन्धको सार हो ।

## क) सिधासम्पर्क मापन गर्ने

यस बुँदामा उनले संस्थाले लक्ष्य प्राप्त गर्नको लागि मालिक र कामदार विचमा सिधा सम्पर्क भएमा उसका आवश्यकताहरु पत्ता लाग्दछन्  र समस्या साधान गर्न सकिन्छ । यसमा शंका लागेका नबुझेका कुरा प्रत्यक्ष रुपमा जान्ने मौका मिल्दछ । यसले मानवीय सम्वन्ध प्रगाढ बनाउछ भन्ने जस्तै विद्यालयहरुमा पनि महिला शिक्षकलाई स्नेह र जिम्मेवारी दिएमा मानवीय न्याय हुने देखिन्छ ।

## ख) समयमा समन्वय गर्ने

कार्य गर्दा कार्यान्वयनको प्रारम्भिक अवस्थाबाट गर्दा राम्रो हुने गर्दछ । संस्थामा योजना, नीति निर्मा(ा र संगठन निर्माणसँगै समन्वयका कार्य निरन्तर रुपमा संचालन गर्नु पर्दछ । यसबाट व्यक्तिमा उत्प्रेरणा, उत्साह र मनोवृतिको विकास हुन्छ । यसको लागि उ.मा.वि. तहको शिक्षण क्रियाकलापमा यस किसिमको भावनालाई समेटेर महिलालाई शिक्षण पेशामा समयमै समन्वय गरेर लैजान सकेमा शैक्षिक क्षेत्रमा उन्नति हुने देखिन्छ ।

### ग) सबै तत्व र परिस्थितिमा समन्वय गर्ने

हरेक संस्थामा समन्वयको आवश्यकता पर्दछ । यदि समन्वय गर्न सकिएन भने त्यहाँ विद्रोहको ज्वाला निक्सन सक्दछ । त्यसैले यसलाई नियन्त्रणमा राख्न समन्वयको आवश्यकता पर्दछ । समन्वयले नै संस्थालाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । मानवीय स्रोतको उचित प्रयोगले सामूहिक उद्देश्य प्राप्ति गर्न सकिने हुनाले महिलालाई समान अधिकार दिएर जिम्मेवारी बहन गर्न सक्ने बनाउनु पर्ने देखिन्छ ।

### घ) समन्वय नियमित प्रक्रियाको रुपमा

समन्वय नियमित प्रक्रियाको रुपमा भन्ने कुराले के जनाउँछ भने महिलाहरु प्रति हेर्ने दृष्टिकोणमा फरक आउन जरुरी देखिन्छ किन भने सदियौ देखि अन्यायमा परेका महिलालाई अगाडि ल्याउन उनीहरुको मनोवललाई उच्च बनाउन भावना बुझेर काम गर्ने कुराको संकेत गरेको पाइन्छ ।

बैज्ञानिक व्यवस्थापनको सिद्धान्तले कामदारको पारिश्रमिकको निर्धारण गर्नुपर्ने, कामको विभाजन गर्नुपर्ने, कामदारको छनौट गर्ने प्रकृयामा बैज्ञानिककरण जस्ता पक्षलाई जोड दिएको छ । मानव सम्बन्धको सिद्धान्तले मानव सम्बन्ध तथा मानवीय पक्षमा जोड दिदै मानिसहरुको मनोबैज्ञानिक, व्यक्तिगत व्यवहार, आपसी अन्तर सम्बन्ध, व्यक्तिगत गुण नेतृत्वदायी तथा यिनलाई प्रभाव पार्ने सबै मानवीय तत्वहरुको अध्ययनमा जोड दिएको देखिन्छ ।

मानव सम्बन्धको सिद्धान्तको प्रयोग गरी शिक्षाको क्षेत्रमा पनि निरंकुश तन्त्रको अन्त्य गरी प्रजातान्त्रिक संस्कारको शुरुवात हुन गयो । यसबाट शैक्षिक क्षेत्रमा पनि नीतिनिमार्ण देखि स्थानीय स्तर सम्म सहभागीताको मौका प्रदान गरेको छ । साथै पाठ्यक्रमको निमार्ण तहदेखि कार्यान्वयन तहसम्म शिक्षाका सम्पूर्ण तहसम्म सबैलाई सहभागितामूलक गराउने प्रयास हुन थाल्यो । शिक्षा प्रशासनलाई प्रजातान्त्रिक करण गरी प्रशासक, शिक्षक तथा सम्पूर्ण सरोकारवालाहरु बिचमा सम्बन्ध कायम गरी सुमधुर वातावरण निमार्ण गर्न जोड दिइयो । यसका साथै शिक्षाको हरेक क्षेत्रमा विकास गर्नका लागि राज्य स्थानीय तह संघसंस्था सबै सरोकारवाला बिचमा सम्बन्ध कायम गरि सामुहिक जिम्मेवारी लिने कुराको

विकास हुन थालेको छ । शिक्षामा नेतृत्वको तानाशाही प्रवृत्ति हटाई प्रजातान्त्रिक आधार अनुरुप कार्य गर्नुपर्दछ । वाल शिक्षण सिकाईलाई छात्रछात्राको भावना बुझेर बालमैत्री वातावरणबाट अगाडि जानुपर्दछ । शैक्षिक क्षेत्रलाई सुधार गर्नको लागि विद्यालय तहमा सबै तहका सरोकारवालाहरु बिचमा सहभागिता भई सबैको एक आपसमा मेलमिलापबाट अगाडि बढ्न सकिन्छ । यदि आधा आकाश ढाक्ने महिलाहरुलाई शिक्षा क्षेत्रमा पूर्ण समावेश नबनाए सम्म शिक्षाको बाटो उज्यालो बन्न नसक्ने देखिन्छ । त्यसैले यस सिद्धान्तले हरेक सरोकारवालालाई महत्व दिएर पूर्ण समावेश गराउनुपर्ने मानव सिकाई सम्बन्ध सिद्धान्तले जोड दिएको पाईन्छ ।

## २.३ शैक्षिक उपादेयता

सम्बन्धित साहित्यको पुनारावलोकन र शैद्धान्तिक खाकाले यस अध्ययनलाई अपेक्षित उद्देश्य प्राप्ति एवं सहि निष्कर्ष पुऱ्याउनका लागि सहयोग पुऱ्याएको छ । उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था शीर्षकको यस अध्ययनका लागि सम्बन्धित साहित्यको पुनारावलोकन र सैद्धान्तिक खाकाले अध्ययनलाई निश्चित मार्गमा डोऱ्याएको छ । जसको अध्ययनले गर्दा अनुसन्धानलाई सामान्यकरण गरी उद्देश्यपूर्ण निष्कर्षमा पुऱ्याउन सजिलो भएको छ ।

सम्बन्धित साहित्यको पुनारावलोकन गर्नुको उद्देश्य सम्बन्धित क्षेत्रलाई नियाल्नु हो । यस अध्ययनको शिलशिलामा निर्धारित उद्देश्यहरु प्राप्तिका सम्पूर्ण विषय बस्तुहरु समेट्न खोज्दा सिमा भन्दा बाहिर गई हुनसक्ने सैद्धान्तिक विचलनलाई समेत रोक्न साहित्यको पुनरावलोकनले मद्दत पुऱ्याएको छ । यस अध्ययनका लागि निर्धारित उद्देश्य प्राप्तिका लागि गरिएका सम्पूर्ण कार्यलाई अगाडि बढाउन वौद्धिक खुराक पनि दिई सहयोग पुऱ्याएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था अध्ययन शीर्षकको शोधकार्यको लागि निश्चित विधि प्रकृया अपनाईएको छ । यस अध्ययनको परिच्छेद तीनमा अध्ययन विधिलाई उल्लेख गरिएको छ । अध्ययन विधि अन्तर्गत अनुसन्धानात्मक ढाँचा, जनसंख्या तथा नमूना छनौट, तथ्यांकको स्रोत, तथ्यांक संकलनका साधन, तथ्यांक संकलनका प्रक्रिया र तथ्यांक व्याख्या विश्लेषण प्रक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुशन्धान गर्ने योजना, संरचना र रणनीतिलाई अनुशन्धान ढाँचा भनिन्छ । जसको सहयोगबाट अनुशन्धानका प्रश्नहरुको उत्तर पाईन्छ । यस अध्ययनका निर्धारित उद्देश्यहरुमध्ये उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था विश्लषण गर्नु उद्देश्य प्राप्तिका लागि परिणात्मक ढाँचा र महिला शिक्षकको शिक्षणबाट विद्यालयमा पार्ने प्रभावहरुको तत्व पहिचान गर्नु उपायहरु पत्ता लगाउनु मुख्य उद्देश्य प्राप्तिका लागि गुणात्मक ढाँचा अवलम्बन गरिएको छ । गुणात्मक ढाँचामा अध्ययन केन्द्रित रहेकोले अनुसन्धान मिश्रित ढाँचामा आधारित रहेको छ ।

## ३.२ जनसंख्या र नमूना छनौट

नेपाल अधिराज्यको पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्र पनि एक हो । यस विकास क्षेत्रमा जम्मा ३ वटा अञ्चल लुम्बिनी, गण्डकी र धौलागिरी जसमा १६ वटा जिल्लाहरु रहेका छन् । जसमध्ये लुम्बिनी अञ्चलको पाल्पा जिल्लामा रहेका १८ वटा स्रोतकेन्द्र जम्मा १७ वटा उच्च माध्यमिक विद्यालयहरु रहेका छन् । १७ वटा उ.मा.वि. मध्ये ८ वटा उ.मा.वि.लाई सम्भावनायुक्त छनौट विधि मध्ये गोलाप्रथाद्धारा छनौट गरिएको छ । (हेर्नुहोस परिशिष्ट : एक) जनसंख्या छनौट गरिएको नमूना विवरणलाई तालिका १ मा उल्लेख गरिएको छ ।

**तालिका १ : जनसंख्या तथा नमूना छनौट**

| क.स. | विवरण | जनसंख्या | नमूना | प्रतिशत | छनौटको आधार |
|---|---|---|---|---|---|
| १ | स्रोतकेन्द्र | १८ | ३ | १६.६७ | भौगोलिक |
| २ | विद्यालय | १७ | ८ | ४७.०६ | गोलाप्रथा |
| ३ | प्राचार्य | १७ | ८ | ४७.०६ | उद्देश्यमूलक |
| ४ | महिला शिक्षक | २२ | ८ | ३६.३६ | गोलाप्रथा |
| ५ | शि.अ.संघ पदाधिकारी | ८८ | १६ | १८.१८ | गोलाप्रथा |
| ६ | विद्यार्थी | ८५६ | १६ | १.८७ | गोलाप्रथा |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

तालिका १ मा उल्लेख गरिएको नमूनालाई निम्नानुसार छनौट गरिएको थियो । पाल्पा जिल्लामा १८ वटा स्रोतकेन्द्र रहेका छन् जसमा नमूनाको लागि ३ वटा स्रोतकेन्द्रहरु तानसेन स्रोतकेन्द्र , नायरनम्तलेस स्रोतकेन्द्र र चापपानी स्रोतकेन्द्रलाई यस अध्ययनको लागि छनौट गरिएको थियो । प्रतिशतको हिसाबले १६.६७ % रहेको छ ।

## क) विद्यालय

तानसेन स्रोतकेन्द्र, नायरनम्तलेस स्रोतकेन्द्र र चापपानी स्रोतकेन्द्रमा रहेका १७ वटा उ.मा.वि. सञ्चालन भएका मध्ये तानसेन स्रोतकेन्द्रमा रहेका ८ वटा उ.मा.वि.मध्ये बजारमा रहेका ६ वटा मध्ये ४ वटा उ.मा.वि, नायरनम्तलेस स्रोत केन्द्रमा रहेका ६ वटा उ.मा.वि. मध्ये २ वटा र चापपानी स्रोत केन्द्रमा रहेका ३ वटा उ.मा.वि. मध्ये २ वटा गरी जम्मा ८ वटा उ.मा.वि.को गोलाप्रथाद्धारा छनौट गरिएको छ ।

## ख) प्राचार्य

तानसेन स्रोत केन्द्र नायरनम्तलेस स्रोत केन्द्र र चापपानी स्रोतकेन्द्रमा रहेका १७ वटा उच्च माध्यमिक विद्यालयका प्राचार्यमध्ये छनौटमा परेका ८ वटा विद्यालयका ८ जना (४७.०६% ) जना प्राचार्यहरुलाई उद्दश्यमूलक विधिबाट छनौट गरिएको थियो ।

### ग) महिला शिक्षक

तानसेन श्रोत केन्द्र नायरनम्तलेस स्रोत केन्द्र र चापपानी स्रोत केन्द्रमा उच्च माध्यमिक तहमा शिक्षण गर्ने २२ जना महिला शिक्षकबाट गोलाप्रथाको आधारमा प्रत्येक विद्यालयमा एक एक जना पर्ने गरी जम्मा ८ जना महिला (३६.९०%) नमूना छनौट गरिएको थियो ।

### घ) शि.अ.संघ पदाधिकारी

अध्ययन क्षेत्रको ८ उ.मा.वि.मा रहेका जम्मा ८८ जना शिक्षक अभिभावक संघका पदाधिकारी मध्येबाट १६ जना (१८.१८%) पदाधिकारीहरुलाई प्रति विद्यालय २/२ जना पर्ने गरी गोलाप्रथाको माध्यमबाट छनौट गरिएको थियो ।

### ङ) विद्यार्थी

नमूना छनौट गरिएका ८ वटा उच्च माध्यमिक तह कक्षा ११ र कक्षा १२ मा अध्ययन गर्ने ८५४ जना विद्यार्थीहरु मध्ये जेहेन्दार विद्यार्थीहरु मध्य प्रति विद्यालय २/२ जना पर्ने गरी गोलाप्रथाको माध्यमबाट जम्मा १६(१.८७%) जना छनौट गरिएको थियो ।

## ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययनको लागि विभिन्न स्रोतवाट प्राथमिक एंव सहायक तथ्याङ्कहरु संकलन गरिएको थियो । अध्ययनको लागि विद्यालय सर्वेक्षण फारम अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो भने विद्यालयको अभिलेख डायरी टिपोट तथा पत्रपत्रिका, शोधपत्र, एंव प्रतिवेदन सो अध्ययनबाट सहायक तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.४ तथ्याङ्क संकलनका साधन

यस अध्ययनका लागि उद्देश्यका आधारमा तथ्याङ्क संकलनका साधन उत्तरदाता र प्राथमिकताका क्षेत्रलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २: तथ्यांक संकलनका साधन, उत्तरदाता र प्राथमिकता क्षेत्र**

| उद्देश्य | साधन | उत्तरदाता | प्राथमिकता क्षेत्र |
|---|---|---|---|
| उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था विश्लेषण | सर्वेक्षण फारम | प्राचार्य | महिला शिक्षकको अवस्था |
| उच्च माध्यमिक तहमा महिला शिक्षकको सहभागितामा प्रभाव पार्ने तत्व | अन्तरवार्ता प्रश्नावली, डायरी टिपोट | प्राचार्य, महिला शिक्षक, शि.अ.संघ पदाधिकारी | सामाजिक, शैक्षिक तथा पुर्नबलीय लगायतका तत्व |
| उच्च माध्यमिक तहमा महिला शिक्षकको शिक्षण पेशामा आइपर्ने समस्या | अन्तरवार्ता प्रश्नावली, डायरी टिपोट | प्राचार्य, महिला शिक्षक | सामाजिक, शैक्षिक तथा पुर्नबलीय लगायतका तत्व |
| समस्या समाधानका उपाय | अन्तरवार्ता प्रश्नावली, डायरी टिपोट | प्राचार्य, महिला शिक्षक शि.अ.संघ पदाधिकारी | सबल पक्ष समस्या समाधानका अपेक्षित सुझाव |

उ.मावि.तहमा महिला शिक्षकको अवस्था शिक्षकको विश्लेषणात्मक अध्ययन यस शोध कार्यका निर्धारित उद्देश्यहरु प्राप्तिका लागि निम्नानुसारका तथ्याङ्क संकलन साधनहरु प्रयोग गरिएको छ ।

## क) सर्वेक्षण फारम

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था उद्देश्य प्राप्तिको लागि नमूना छनौट गरिएका ८ वटा विद्यालयको तथ्याङ्क संकलन गर्न विद्यालय सर्वेक्षण फारम प्रयोग गरिएको छ (हेर्नुस् परिशिष्ट दुई) ।

## ख) अन्तरवार्ता प्रश्नावली

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था पहिचान गर्न, महिला शिक्षकको सहभागीतामा प्रभाव पार्ने तत्वहरु पत्ता लगाउनु, शिक्षण पेशामा आइपर्ने समस्या पत्ता लगाउनु र उच्च माध्यमिक तहमा महिला शिक्षकको शिक्षण पेशामा आइपर्ने समस्याको समाधान गर्नका लागि अन्तरवार्ता प्रश्नावली प्रयोग गरिएको छ । (हेर्नुस परिशिष्ट : तीन , चार)

### ग) डायरी टिपोट

अध्ययन कार्यका क्रममा सर्वेक्षण फारम र अन्तरवार्ता प्रश्नावलीबाट मात्र समेट्न नसकिएका आवश्यक तथ्याङ्कहरुलाई डायरीमा टिपोट गरी संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था पत्ता लगाउनका लागि तथ्याङ्क संकलनका साधनका रुपमा सर्वेक्षण फारम अन्तरवार्ता प्रश्नावली र डायरी टिपोट प्रयोग गरिएको छ । उल्लेखित तथ्याङ्क संकलनका साधनहरु लिई शोधार्थी स्वयम् नमूना छनौट गरिएको ८ वटा विद्यालयमा पुगि तथ्याङ्क संकलन गरिएको छ । अति कम समय, अप्रयाप्त साधन र स्रोतको अवस्थाको बाबजुत पनि नमूना छनाट गरिएका विद्यालयमा पुगि प्राचार्य, महिला शिक्षक, शिक्षक अभिभावक संघका पदाधिकारी र विद्यार्थीहरुलाई भेटी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क व्याख्या तथा विश्लेषण प्रक्रिया

निर्धारित तथ्याङ्क संकलनका साधनहरुबाट परिणात्मक एवं गुणात्मक तथ्याङ्कहरुलाई निर्धारित उद्देश्यको क्रम अनुसार व्याख्या विश्लेषण गरिएको छ । निर्धारित उद्देश्य प्राप्तिको तथ्याङ्क तथा प्रतिक्रियाहरुलाई तालिका र बुँदागत रुपमा समेत प्रस्तुत गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लषण

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था शीर्षकको यस अध्ययनमा निर्धारित उद्देश्यहरु प्राप्तिका लागि प्रयोग गरिएका तथ्याङ्क संकलनका साधनहरु विद्यालय सर्वेक्षण फारम, अन्तरवार्ता प्रश्नावली र डायरी टिपोटको माध्यमबाट प्राप्त तथ्याङ्क तथा प्रतिक्रियाहरुलाई यस परिच्छदमा उद्देश्यगत रुपमा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

**४.१ उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था**

**४.२ महिला शिक्षकको सहभागितामा प्रभाव पार्ने तत्व**

**४.३ महिला शिक्षकका शिक्षण पेशामा आइपर्ने समस्या**

**४.४ शिक्षण पेशामा आइपरेका समस्या समधानका उपाय**

## ४.१ उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था

उच्च माध्यमिक तहमा महिला शिक्षकको वर्तमान अवस्था पत्ता लगाउनका लागि विद्यालय सर्वेक्षण फारम प्रयोग गरी संकलन गरिएका तथ्याङ्कलाई निम्नानुसार उल्लेख गरिएको छ :

### ४.१.१ उ.मा.वि. तहमा महिला शिक्षक

अध्ययन क्षेत्रभित्रका ८ वटा विद्यालयका उच्च माध्यमिक तहमा शिक्षण गर्ने महिला शिक्षकको विवरण संकलन गर्नका लागि तथ्याङ्क संकलनको साधनको रुपमा सर्वेक्षण फारमको प्रयोग गरिएको थियो, जसबाट प्राप्त तथ्याङ्क अनुसार जम्मा शिक्षक संख्यालाई तालिका ३ मा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

**तालिका ३ : उ.मा.वि. तहमा महिला शिक्षक**

| क.स | विद्यालयको नाम | महिला | पुरुष | जम्मा | पुरुष प्रतिशत | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | मोहनकन्या उच्च मा.वि | ५ | ८ | १३ | ६१.५४ | ३८.४७ |
| २ | महेन्द्रबोधी उच्च मा.वि | ३ | ८ | ११ | ७२.७३ | २७.२७ |
| ३ | प.प.नमुना उच्च मा.वि | ३ | ८ | ११ | ७२.७३ | २७.२७ |
| ४ | सेन उच्च मा.वि | ३ | १३ | १६ | ८१.२५ | १८.७५ |
| ५ | बिष्णु उच्च मा.वि | २ | ९ | ११ | ८१.८२ | १८.१८ |
| ६ | शौभाग्य उच्च मा.वि | २ | ७ | ९ | ७७.७८ | २२.२२ |
| ७ | चन्द्र उच्च मा.वि | २ | ५ | ७ | ७१.४३ | २८.५७ |
| ८ | वेद उच्च मा.वि | २ | ८ | १० | ८० | २० |
| | जम्मा | २२(२५.०९%) | ६६ | ८८(१००%) | ७४.९१ | २५.०९ |

(कोष्ठको अंकले प्रतिशत जनाउँदछ) स्रोत : स्थलगत सर्वेक्षण २०६८

तालिका ३ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्र भित्र नमुना छनौट गरिएका ८ वटा विद्यालयमा उच्च माध्यमिक तहमा अध्ययन गराउने जम्मा ८८ जना शिक्षक रहेको पाइयो । यहाँ महिला शिक्षक भन्दा पुरुष शिक्षक अधिक रहेको पाइन्छ । जम्मा शिक्षक संख्या ८८ को (७४.९१%) पुरुष र (२५.९%) महिला रहेको पाइन्छ । यहाँ पुरुष शिक्षकको प्रतिशत महिला शिक्षकको तुलनामा ४९.८२% अन्तर देखिएको छ । महिलालाई हरेक क्षेत्रमा कम्तिमा ३३% आरक्षण कोटा छुट्याउने कुरा अन्तरिम संविधान २०६३ मा उल्लेख गरिएता पनि विभिन्न कारणले यो लागु हुन सकिरहेको छैन । यसरी शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा यो खाडल झन गहिरो छ शहरका स्रोत केन्द्र तथा शहर नजिकका स्रोतकेन्द्रहरुमा केही सुधार र उत्साह देखिएता पनि समग्रमा जिल्लाका अधिकांस उ.मा.वि.मा महिलाहरु शिक्षण पेशामा संलग्न न्यून भैइरहेको अवस्था र पुरुष शिक्षकहरु बढि मात्रामा अध्यापन कार्यमा संलग्न भइरहेको पाइन्छ ।

मरी पार्करका अनुसार सम्पूर्ण तहमा समान सहभागिता र प्रजातान्त्रिक तरिकाबाट हरेक सरोकारवालाहरुलाई समावेश गरेर संगठनलाई अगाडि बढाउँदा संगठनमा चुस्त र दुरुस्त साथै कार्य सम्पन्न गर्न सजिलो हुने कुरालाई उल्लेख गरे अनुसार शिक्षा क्षेत्रमा युगौंदेखि पुरुषको पकड रहेकोले उनीहरु महिलालाई शक्ति हस्तान्तरण गर्न हिचकिचाएका कारण शिक्षण पेशामा पनि यसको असर परिरहेका पाईन्छ । बाल शिक्षण सिकाईलाई बालकको

भावना बुझ्रेर गर्नको लागि जति महिला निपूर्ण हुन्छन् त्यसको तुलनामा पुरुष हुदैनन् । त्यसैले शैक्षिक क्षेत्रलाई सुधार गर्नका लागि विद्यालय तहमा सबै तहका सबै सरोकारवाला बिचमा मेलमिलापको आधारबाट मात्र अगाडि बढ्न सकिन्छ ।

### ४.१.२ जातिगत आधारमा महिला शिक्षक

नमूना छनौट भएका सामुदायिक उ.मा.वि. का जातिगत महिला शिक्षक विवरणलाई निम्नानुसार देखाइएको छ ।

**तालिका ४ : जातीगत महिला शिक्षक विवरण**

| क.स | उच्च मा.वि | जनजाती | अन्य |
|---|---|---|---|
| १ | मोहनकन्या उच्च मा.वि | २(४०) | ३(६०) |
| २ | महेन्द्रबोधी उच्च मा.वि | ३(१००) | ० |
| ३ | प.प.नमुना उच्च मा.वि | १(३३.३३) | २(६७.६७) |
| ४ | सेन उच्च मा.वि | १(३३.३३) | २(६६.६७) |
| ५ | बिष्णु उच्च मा.वि | ० | २(१००) |
| ६ | शौभाग्य उच्च मा.वि | ० | २(१००) |
| ७ | चन्द्र उच्च मा.वि | ० | २(१००) |
| ८ | वेद उच्च मा.वि | १(५०) | १(५०) |
| | जम्मा | ८(३६.३७) | १४(६३.६९) |

(कोष्ठको अंकले प्रतिशत जनाउँदछ) स्रोत : स्थलगत सर्वेक्षण २०६८

अध्ययनको क्षेत्रमा जम्मा ८ वटा विद्यालयमा गरिएको सर्वेक्षणमा २२ जना महिला शिक्षकमा ८ (३६.३६%) जनजातीका महिला शिक्षक रहेको पाइयो । दलित जातिबाट शिक्षण पेशामा शून्य रहेको पाइयो भने अन्य जातिका महिला शिक्षक १४(६३.६४%) पाइयो । यसरी जातिगत महिला शिक्षक सर्वेक्षण फारमले के देखाउँछ भने शिक्षाको क्षेत्रमा जनजाती भन्दा अन्य जातिको बाहुल्यता रहेको पाइन्छ । जसको प्रतिशत अन्तर (२६.२८%) रहेको छ । दलित जातिबाट शिक्षण पेशामा प्रतिनिधित्व नहुँदा युगौंदेखि शाषित र पिडित उक्त जातिका बालबालिकाले आफुहरुलाई हेर्ने दृष्टिकोण भिन्दै भएको कारणले र छुवाछुतको कारणले

आफुलाई अपहेलित गरेको ठान्ने र व्यवहारमा पनि यो देखिएको कारणले पनि उच्च शिक्षामा दलितको पहुँच देखिदैन ।

नेपाल सरकारले २०५८ सालमा गरेको जनगणना अनुसार कुल जनसंख्या २,३१,५१,४२३ मध्ये दलित ३०,३०,०६७ अर्थात प्रतिशतका हिसाबले (१३.८०%) रहेको छ भनी उल्लेख छ । गरीबी, अशिक्षा, चेतनाको कमी , युगौंदेखि दमनमा परेका दलितहरुलाई राज्यले दोस्रो दर्जाको नागरीकको रुपमा हेर्ने दृष्टिकोण राखेको कारणले आज पनि दलितहरु पछाडि परेका छन् । चुलो, चौको, धारापानी, सार्वजनिक स्थल तथा विभिन्न संगठनमा उनीहरुको प्रतिनिधित्व नभएको र दलितलाई स्थान दिन संकुचित धारणा राखेकै कारण यस्तो भएको छ । यहाँ अध्ययन गरिएका विद्यालयमा एकजना पनि दलित जातिबाट महिला शिक्षक देखिएन यसले गर्दा जातिगत प्रतिनिधि शिक्षकको अवस्था समानुपातिक रुपमा देखिएन ।

मेरी पार्करका अनुसार मानव सम्बन्ध सिद्धान्तमा कामदारको छनौट गर्दा बैज्ञानिक तवरबाट कार्य विभाजन, ज्यालाको निर्धारण जस्ता कुरालाई मात्र जोड दिएको कारण एक पक्षिय भएको महशुस गरी मानव सम्बन्धको सिद्धान्त प्रतिपादन भएको हो । शिक्षाको क्षेत्रमा यदि सबै पक्षलाई समेट्न नसकेको खण्डमा शिक्षाबाट कुनै वर्ग अति माथि पुग्न र कुन क्षेत्र अति पछि पर्ने कुरालाई समेट्न खोजिएको छ । यसमा सबै सरोकारवालाहरुलाई पहुँचमा वृद्धि गर्न सकेको खण्डमा मात्र मानव सम्बन्ध राम्रो रहने र सबैले सहभागिता जनाएको क्षेत्र मात्र अपेक्षा गरे अनुरुप अगाडि बढ्न सक्ने कारणले गर्दा अन्य क्षेत्रमा जस्तै शिक्षाको क्षेत्रमा मिलेर उद्देश्य पूर्ति गर्नुपर्छ भने अहिलेको न्यून उपस्थिति तथा शून्य उपस्थितिलाई पूरा गर्न एकले अर्कोलाई बुझेर व्यवहार गर्नुपर्छ । जति धेरै संख्यामा महिला सहभागिता तथा जातिगत रुपमा समावेशी गराउन सकेमा सबै पक्षबाट हाम्रो हो भन्ने भावनाको विकास हुने र हिनताबोधबाट विद्यालय नआएको कारण शिक्षा आर्जनमा चासो नदिने दलित तथा पिछडिएका वर्गको शिक्षामा पहुँच पुऱ्याउन सकिने कुरा यस सिद्धान्तले मानेको पाइन्छ ।

### ४.१.३ शैक्षिक योग्यताको आधारमा महिला शिक्षक

शिक्षामा गुणात्मक विकासका लागि योग्य तालिम प्राप्त शिक्षकको आवश्यकता पर्दछ । योग्य व्यक्तिले मात्र व्यवहारिक ज्ञान सीप दिएर अगाडि बढ्न सक्दछ । त्यसैले यस अध्ययन क्षेत्रमा रहेका शिक्षकहरु मध्ये महिला शिक्षकको शैक्षिक योग्यता कस्तो छ भनेर अध्ययन गरेएको थियो ।

**तालिका ५ : शैक्षिक योग्यताको आधारमा महिला शिक्षक**

| क्र.स | उच्च मा.वि | जम्मा महिला शिक्षक संख्या | एम.एड. |
|---|---|---|---|
| १ | मोहनकन्या उच्च मा.वि | ५ | १(३०) |
| २ | महेन्द्रबोधी उच्च मा.वि | ३ | २(६६.६७) |
| ३ | प.प.नमुना उच्च मा.वि | ३ | १(३३.३३) |
| ४ | सेन उच्च मा.वि | ३ | १(३३.३३) |
| ५ | बिष्णु उच्च मा.वि | २ | - |
| ६ | शौभाग्य उच्च मा.वि | २ | १(५०) |
| ७ | चन्द्र उच्च मा.वि | २ | - |
| ८ | वेद उच्च मा.वि | २ | - |
| | जम्मा | २२ | ६(२७.२८) |

(कोष्ठको अंकले प्रतिशत जनाउँदछ) स्रोत : स्थलगत सर्वेक्षण २०६८

अध्ययन क्षेत्रका ८ वटा उच्च मा.वि. सञ्चालन भएका विद्यालयहरुमा गरिएको सर्वेक्षणमा २२ महिला शिक्षकमा वि.एड. प्राप्त १६ (७२.७२%) पाइयो । उ.मा.वि. तहको शिक्षक बन्नको लागि स्नातकोत्तर तह उत्तीर्ण हुनु पर्ने प्रावधान अनुसार सम्बन्धित तहमा योग्यता प्राप्त ६ जना (२७.२७%) र सम्बन्धित तहमा तालिम अप्राप्त संख्या १६(७२.७२%) रहेको पाइयो । कुनैपनि तहमा तालिम प्राप्त शिक्षकबाट मात्र गुणस्तरीय शिक्षाको आशा गर्न सकिने कुरालाई मध्यनजर गर्द सरकारले तालिम दिएर शिक्षकलाई दक्ष बनाउन ठूलो धनराशी खर्च गरिरहेको अवस्थामा अध्ययनको क्षेत्रमा तालिम प्राप्त शिक्षक जम्मा २०.८३% मात्र भेटिनुले दक्ष र तालिम प्राप्त शिक्षकको अभाव देखिन्छ । सदरमुकामबाट  र प्रसस्त

तालिम दिने निकाय र क्याम्पस भएका आसपासका क्षेत्रमा त यस्तो अवस्था जसलाई गुणस्तरीय शिक्षाको लागि एक चुनौतीको रुपमा लिन सकिन्छ ।

मास्लोको अनुसार कुनै पनि संगठनमा रहँदा उसले त्यहाँबाट सम्मानको आशा गरिरहेको हुन्छ । सम्मान त्यतिबेला मात्र व्यक्तिलाई प्राप्त हुन्छ जुन बेलासम्म उ रहको ठाँउमा सफल नेतृत्व र कुशलता देखाउन सक्दछ । शिक्षण पेशामा पनि कार्य कुशलताले ठूलो भूमिका खेल्ने गर्दा जुन व्यक्तिले तालिम प्राप्त गर्दछ त्यसवेला मात्र उ समक्ष हुन्छ र उसले चाहेको कार्य गर्न सक्दछ । शिक्षण पेशा एक प्राविधिक पेशा भएको हुनाले बालकको मनोबल बुझ्रेर मात्र उसले शिक्षण कार्यमा सफलता प्राप्त गर्दछ । शिक्षण कार्यमा सफलता प्राप्तबाट उसलाई विभिन्न पुरस्कारहरु प्राप्त हुने गर्दछ । यसबाट व्यक्तिको मनस्थितिमा कामप्रति अभिप्रेरणा जाग्दछ । र आफ्नो कार्यलाई अझ लगनशीलताका साथ गर्न चाहान्छ । यदि कार्य गर्दा दण्ड खेप्नु परेमा कुन पनि व्यक्ति निरास र कार्य प्रति उदासीन देखिन्छ । त्यसैले व्यक्तिलाई सफल बनाउन उसलाई कार्यप्रति आशा र अभिप्रेरणा जगाउनु पर्दछ । यसको लागि महिला शिक्षकमा देखिएको योग्यताको कमीलाई पूरा गर्न उनीहरुलाई तालिमप्रति उत्प्रेरित गरेर दक्ष शिक्षक बनाउन सकेमा उनीहरुबाट शिक्षण कार्य प्रभावकारी हुने र सिकाई उपलब्धिमा वृद्धि हुने देखिन्छ । यसरी अभिप्रेरणाको सिद्धान्तले काम गर्ने देखिन्छ ।

### ४.१.४ पदगत आधारमा महिला शिक्षक

महिला शशक्तिकरण र समावेशीकरणको अभियानमा राज्य लागेको अवस्थामा अध्ययनको क्षेत्रमा विद्यालय सञ्चालनको क्रममा महिला सहभागिता र नेतृत्वको सम्बन्धमा उल्लेख गर्दा निम्न अनुसार महिला विद्यालय सञ्चालनमा नेतृत्व तहमा रहेको पाइयो ।

राज्यले कुल जनसंख्या (३३%) महिलाहरुलाई जुनसुकै क्षेत्रमा पनि समावेश गर्ने भनेर अन्तरिम संविधान २०६३ मा उल्लेख गरेतापनि नेतृत्व तहमा महिला जनशक्ति न्यून देखिन्छ। अध्ययनको क्षेत्रमा ३ वटा स्रोतकेन्द्रमा ८ वटा विद्यालयको सर्वेक्षणमा २ (२५%) जना मात्र महिला शिक्षक प्र.अ. र प्राचार्यको रुपमा रहेको पाइयो । जिल्लाको हकमा यो महिला नेतृत्व नगन्य रुपमा देखिन्छ । अध्ययन क्षेत्रका ६ वटा उ.मा.वि. सञ्चालन भएका

विद्यालयमा पुरुष प्र.अ. तथा प्राचार्य भएको रहेको पाइयो । त्यसैले विद्यालय सञ्चालनको नेतृत्व तहमा महिलालाई बढी प्राथमिकता र जोड दिनुपर्ने देखिन्छ ।

## ४.२ महिला शिक्षकको सहभागितामा प्रभाव पार्ने तत्व

उच्च माध्यमिक तहमा महिला शिक्षकको सहभागितामा प्रभाव पार्ने तत्व निम्नानुसार रहेका छन् । (हेर्नुस् परिशिष्ट : पाँच)

### क) आर्थिक तत्व

हालको महिला शिक्षकको संख्या न्यून रहेको र उक्त संख्यालाई वृद्धिमा प्रभाव पार्ने तत्वको रुपमा आर्थिक तत्व हो भनी शतप्रतिशत प्राचार्य, शिक्षक, अभिभावकले बताएका पाइयो । सरकारले हालसालै मात्र ३३% महिला न्यूनतम् सहभागिता गराउने कानून ल्याउनु भन्दा अगाढि नै हरेक क्षेत्रमा पुरुषहरु कायैरत रहेको नयाँ शिक्षक भर्ना गर्दा विद्यालयलाई भारी आर्थिक भार पर्ने हुँदा महिला शिक्षक न्यून रहेको बताइएको छ । ५८.२५% शि.अ.संघ दाधिकारीले आर्थिक अवस्था कमजोर भएको कारण महिला शिक्षक  राख्न नसकिएको बताए । सरकारले नीति ल्याए पनि खाली भएको समयमा महिला भर्ना गर्ने नीति अनुसार चाहेको प्रतिफल आउन नसकिएको पाइयो ।

### ख) शैक्षिक तत्व

उ.मा.वि. तहमा अध्ययन गराउनका लागि कम्तीमा स्नातकोत्तर तह उत्तीण गर्नुपर्ने हुन्छ । बालिकाहरु घरपरिवारको करकापमा परि कम उमेरमा विवाह बन्धनमा बाँधिने, घरपरिवार झमेलामा फस्ने जस्ता कारण निश्चित लक्ष्यमा पुग्न कठिनाई हुने जसको कारणले गर्दा उनीहरु बिचमा पढाई छाड्न बाध्य हुन्छन् । यसमा ७५% प्राचार्यले, ६२.५० % शि.अ.संघ पदाधिकारी, ८७.५० % महिला शिक्षकहरुले शैक्षिक योग्यताका  कारण नै उनीहरु उ.मा.वि. तह शिक्षण पेशामा प्रवेश गर्न नसकेको प्रतिक्रिया प्राप्त भएको छ ।

शिक्षा आर्जन गर्नका लागि पहिला आर्थिक अवस्थाले प्रभाव पार्ने गर्दछ । शिक्षामा गरेको लगानीको प्रतिफल प्राप्त गर्न लामो समय लाग्ने र एकोहोरो लगानी गर्नु पर्ने हुनाले पनि

गरिबीका कारण यस्तो भएको हो । मास्लोको अभिप्रेरणाको सिद्धान्तले कुनै पनि कार्य गर्न अभिप्रेरणाको आवश्यकता पर्दछ । शिक्षा लिनको लागि परिवारबाट अभिप्रेरणाको आवश्यकता पर्दछ तर विभिन्न कारणले परिवारले छात्रालाई शैक्षिक क्षेत्रमा विद्यालय वा क्याम्पस नपठाएर घरयासी काम मेलापातमा लगाएको कारणले आज पनि ५८% महिला शिक्षाबाट बञ्चित रहनु परेको छ जनगणना २०५८ ले औल्याएको पाइन्छ । जसले गर्दा राज्यको हरेक क्षेत्रमा महिला सहभागिता हुन सकिरहेको अवस्था छैन् ।

## ग) पारिवारिक तत्व

पारिवारिक तत्व भित्र धेरै कुरा पर्दछन् । अभिभावकहरु शिक्षित र सचेत छन् भने आफ्नो वालबालिकालाई पढाई प्रति लगानी लगाउँदछन् र उनीहरुका वालबालिकाले उच्च शिक्षा हासिल गर्न सक्दछन् । उच्च शिक्षा हासिल गरिसके पछि महिलाहरुलाई पनि सेवामा प्रवेश गर्ने बाटो खुल्दछ अन्यथा महिलाहरु सधै घरायासी चुलोचौकोमा रहनुपर्ने र पढाई विना शिक्षण पेशा तथा अन्य क्षेत्रमा पनि रोजगारी प्राप्त गर्ने अवशर हुदैन । पारिवारिक तत्वबाट महिला शिक्षकको संख्या न्यून रहनुका कारण परिवारले राम्रो शिक्षा दिएमा सेवामा प्रवेश गर्न सक्दछ भनि ७५% प्राचार्यहरुले बताएको पाईयो । त्यस्तै गरि छोरीलाई पनि विद्यालय गएर पढ्ने मौका प्रदान गरिएकाले हाल महिला शिक्षकको संख्या दिन प्रति दिन बढ्दै गएको ८७.५% महिला शिक्षकले बताए भने ८१.२५% शि.अ.संघ पदाधिकारीले घरमा छोरालाई र छोरीलाई समान अवसर प्रदान गर्ने र पढाई प्रति लगाएको कारण महिला शिक्षकको संख्या दिनप्रतिदिन बढ्दै गएको बताए । मेरीपार्करले सबै क्षेत्रमा सबैको पहुँच पुऱ्याउनको लागि हरेक क्षेत्रमा सहभागितामुलक प्रतिनिधित्व हुनु पर्दछ भने अनुसार सबै क्षेत्रमा सहभागिताको लागि शिक्षाको महत्वपूर्ण भूमिका हुने हुनाले पनि बालिकाहरुलाई बिना रोकतोक उनीहरुको प्रतिभा प्रस्फुटन हुन दिएमा राज्यका महत्वपूर्ण ओहदामा पुगी त्यहाँ आफ्नो क्षमता इमान्दारिताका साथ देखाउन सक्ने कुरामा विश्वास गर्न सकिन्छ । त्यस्तै मास्लोले मानिसका मनमा अनेक इच्छा हुन्छन ति आवश्यकता पुरा गर्न मानिस जहिले पनि प्रयत्नशील हुन्छ भन्ने कुराबाट पनि बालिकाहरुका पनि आफू स्वाबलम्बी र सम्मानजनक बाँच्नको लागि शिक्षा आर्जन गरी सम्मानित पदमा पदस्थापना हुन चाहन्छन् भन्ने भनाईबाट परिवारको साथ विना कुनै पनि बालबालिका शिक्षित हुन सक्दैनन् ।

बालकको लागि पहिलो पाठशाला घरपरिवार नै हो । भविस्यमा आफ्ना बालिकाहरुलाई कस्तो वातावरण दिने भन्ने कुरा उसको परिवारमा भर पर्दछ ।

## घ) सामाजिक तत्व

समाजमा लिङ्गभेदले महिला र पुरुषलाई भिन्न भिन्न भूमिका तथा स्तर भित्र राखेको छ । तिनै सामाजिक , अप्राकृतिक वा मानव निर्मित साँस्कृतिक मूल्य मान्यता आदिले पुरुष र महिलालाई छुट्याएको छ । समाजमा पुरुष बढी स्वतन्त्र र महिलालाई निश्चित दायराभित्र बाँधेर राखेको छ । समाजमा महिलालाई शिक्षा दिनबाट बँञ्चित गरिएको वा वेवास्ताका कारण आज समाजमा महिला र पुरुष बिचमा रहेको साक्षरता प्रतिशत पनि २२% अन्तर देखिन्छ । आधा आकाश ढाक्ने महिलाहरु शिक्षामा पछि परेको कारण देशले विकासमा फड्को मार्न नसकेको यर्थाथ विद्यमान अवस्था छदैछ । उ.मा.वि. तह सञ्चालन भएका विद्यालयका प्राचार्यहरु संग सामाजिक तत्वका कारण महिलाहरु दयनीय अवस्थाको बारेमा र शिक्षण पेशामा यस्तो अवस्था आउनुको कारण ६२.५% प्राचार्यले समाजमा भएको लिङ्ग भेदले गर्दा महिलाको शैक्षिक अवस्थामा पुरुष सरह सहभागिता नभएको बताउनु भयो । महिला शिक्षकहरुलाई शतप्रतिशतले महिलालाई घरमा बढी कार्यबोझ र घरायसी काममा लागाउने र छोरीले बढी पढेर के गर्छन् भन्ने जस्ता कुराले असर गरेको हुनाले शिक्षण क्षेत्रमा पछाडि परेको बताए । त्यस्तै अभिभावकहरुले महिला शिक्षकहरु विद्यालयमा कम हुनाका कारण विद्यालयमा शैक्षिक उपलब्धिमा राम्रो नतिजा पुरुषले दिन सक्छन् भन्नेमा ८१.२५% को धारणा पाईयो । महिलाहरु पारिवारिक रेखदेख साथै घरायसी बोझले गर्दा विद्यालयमा कम समय खर्च गर्दछन् भन्ने कुराहरु अभिभावकबाट आएको पाईन्छ ।

यसरी सामाजिक परिवेशमा नारीहरुलाई शिक्षा दिने कुरामा घर परिवारबाट फरक दृष्टिकोण राखेको कारणले शैक्षिक क्षेत्रमा पुरुषको तुलनामा महिलाको साक्षरता दर कम छ । उच्च शिक्षा आर्जन गर्नका लागि महिलालाई विभिन्न समस्या साथै समाजमा महिला कमजोर हुन्छन् भन्ने मानसिकताका कारणले आजको अवस्था सृजना भएको हो । अझै पनि समाजमा नारी प्रति हेर्ने देष्टिकोण समान पाईदैन । एउटै घरमा एउटै कोखबाट जन्मेका छोरा र छोरीमा पढाई र लेखाई हरेक कुरामा फरकको कारणले नारीलाई रोजगारीमा प्रवेश गर्न कठिन अवस्था सृजना भएको छ । मानव सिद्धान्तमा मेरी पार्करले प्रजातान्त्रिक र

सहभागितामूलक सिद्धान्तलाई जोड दिएको पाईन्छ । सामुहिक भावनाले मात्र संस्था अगाडि बढ्न सक्दछ । यसरी एक पक्षबाट मात्र संघ सस्थाहरु राम्रोसंग अगाडि बढ्न सक्दैनन् भन्ने उल्लेख गरेको पाईन्छ । त्यस्तै गरी मास्लोको अभिप्रेरणाको सिद्धान्तमा हरेक मानिसले समाजमा आफ्नो पहिचान खोजिरहेको हुन्छ ।

शारीरिक आवश्यकता जसमा आधारभूत आवश्यकता अन्तर्गत गास, बास र कपास हुनु पर्दछ । यो आवश्यकता पूरा भएपछि सुरक्षात्ममक आवश्यकता सुरु हुन्छ । जस अन्तगर्त आर्थिक संकट, शारीरिक संकट, मानसिक संकटबाट बच्नका लागि प्रयत्न गरिरहेको हुन्छ । यसको लागि  स्वावलम्वी र आफ्ना आवश्यकता पूरा गर्नका लागि स्थायित्व र राम्रो सुरक्षित जागिरको खोजीमा हुन्छ ।  जसको कारण महिलाहरु पनि सुरक्षात्मक आवश्यकता पुरा गर्न चाहन्छन् तेस्रोत सामाजिक आवश्यकता पर्दछ । जसमा मानिस एक सचेत र सामाजिक प्राणी भएको कारणले उसले समाजमा आफ्नो अस्तित्वलाई जोगाउन र समाजमा प्रतिष्ठित रहेर बाँच्न चाहन्छ ।

महिलाहरु पनि सामाीजक प्राणी भएको कारणले गर्दा उनीहरुका पनि इच्छा चाहना पुरुषका जस्तै हुने हुनाले शिक्षाको प्राप्ति पछि विभिन्न संघ संगठनमा रहेर कार्य गर्ने इच्छा हुने हुनाले समाजमा नारी पहिचान गराउने बाटोमा अगाडि बढ्न चाहन्छन् । यसैलाई सुरक्षात्मक आवश्यकता भनिन्छ । चौथो आवश्यकता भनेको स्वामित्वको आवश्यकता हो । मानिसमा माथिका तीनवटा आवश्यकता क्रमश पूरा भए पछि उसमा आफू अरुबाट प्रशंसा र पुरस्कार साथै अन्य जुनसुकै तरिकाबाट सम्मानित हुन चाहन्छ । महिलाहरु युगौ देखि दासको रुपमा रहेको उनीहरुका प्रतिभालाई दवाएर  राखेको कारण अगाडि आउन समय लागि रहेको पाइन्छ । पुरुषले मात्र सम्पूर्ण अधिकार लिएर बसेको कारण पछाडि परिरहेको अवस्था छ । यसको लागि महिलालाई अवसर दिएमा उनीहरुले आफ्ना जिम्मेवारी पूरा गरी सम्मानित हुन चाहन्छन् ।

पाँचौ आत्म सन्तुष्टिको आवश्यकता पर्दछ देखि दासको रुपमा रहेको उनीहरुका प्रतिभालाई दवाएर  राखेको कारण अगाडि आउन समय लागि रहेको पाइन्छ । पुरुषले मात्र सम्पूर्ण अधिकार लिएर बसेको कारण पछाडि परिरहेको  अवस्था छ । यसको लागि महिलालाई

अवसर दिएमा उनीहरुले आफ्ना जिम्मेवारी पूरा गरी सम्मानित हुन चाहन्छन् । पाँचौ आत्म सन्तुष्टिको आवश्यकता पर्दछ । यसमा मानिसका चारवटा आवश्यकता पूरा भईसके पछि उसले पदोन्नती, तलव वृद्धि भई आफ्ना आवश्यकता पूरा गर्न चाहन्छ । महिलाहरु पुरुषमा आधारित रही रहनु भन्दा आफ्नो स्वाभिमानमा बाच्न चाहन्छन् । जसले गर्दा यी माथिका आवश्यकता पूरा गर्न महिलालाई अभिप्रेरणा दिनु नितान्त जरुरी देखिन्छ । समाजमा उ रहँदा आफ्नो अस्तित्वलाई उच्च बनाउन प्रयत्नशील रहन्छ र समाजमा सम्मानित भएर बाच्न चाहन्छ । भन्ने वाक्यले पनि महिलाहरु समाजमा सम्मानित हुनको लागि शिक्षा आर्जन गरी आफैमा स्वावलम्बी बन्न चाहिरहेको अवस्था छ । यसमा क्रमशः सुधार पनि भइरहेको अवस्था छ ।

## ङ) लैङ्गिक तत्व

जवसम्म विकास समाहित पहुँच वा धारणामा आधारित हुदैन तव सम्म विकासका प्रक्रियाहरु अपुरै रहन्छन् । विकासको लागि लैङ्गिक विकासलाई मेरुदण्डका रुपमा लिइनु पर्दछ । जुन समग्र र एकीकृत हुन सकोस् । सामाजिक विकास लक्ष्य आदिका लागि शिक्षा लगायत सामाजिक जीवनको हरेक पक्षमा महिला वा छात्राहरुको लागि अवसर र पहुँच बढाउन र शिक्षामा लैङ्गिक समानता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था अध्ययनमा ५०% प्रचार्यहरुले महिलाहरुमा इमान्दारिता भएतापनि घरपरिवार रेखदेख घरपरिवारमा उनीहरुलाई हेर्ने साथै समय दिने प्रवृति कम रहेको कारण हतार हतारमा विद्यालय प्रवेश गर्ने थकान वा आलस्यले ग्रसित हुने भएका कारण शिक्षणमा असर परिरहेको जवाफ पाइयो । महिला  शिक्षकलाई कम जिम्मेवारी दिएको ६२.५०% महिला शिक्षकहरुले बताए । निर्णय प्रकृयामा आफुहरुलाई औपचारिकतामा मात्र सीमित गराएको गुनासो उनीहरुबाट सुनियो । त्यस्तै ७५% अभिभावकहरुले पुरुष शिक्षकबाट भन्दा महिला शिक्षकबाट शिक्षण कार्य प्रभावकारिताका साथ गरिरहेका र नियमित उपस्थित भइरहेको देखिन्छ भन्ने प्रतिक्रिया दिए । त्यस्तै गरी विद्यार्थीमा कक्षामा कसको शिक्षण प्रभावकारी हुन्छ र पुरुष वा महिला कसले पढाहोस भन्ने चाहन्छौ भन्ने प्रश्नको जवाफमा ६८.७५% विद्यार्थीहरुले महिला शिक्षकबाट पुरा समय साथै स्नेहपूर्ण शिक्षण कार्य गर्ने र उनीहरुले बालमैत्री तरिकाबाट शिक्षा दिइरहेको जवाफ बताए ।

सम्बन्धित तहमा शिक्षण गर्न शैक्षिक योग्यता भएका महिलाहरुको कमी, विषयगत शिक्षक प्राप्त गर्न कठिन , समाजमा छोरीलाई उच्च शिक्षासम्म पहुँच पुऱ्याउने परिवार अति कम भएका कारणले यस्तो अवस्था आउन पुगेको सहजै देखिएको छ । यदि महिलालाई उचित शिक्षा दिन सकेको खण्डमा उनीहरुले पुरुषहरुले भन्दा प्रभावकारी शिक्षण गर्न सक्छन् भन्ने सर्वेक्षणबाट देखिन्छ । मास्लोको अनुसार प्रेरणा दुई प्रकारका हुन्छन् : जन्मजात र आर्जित । महिला भएर जन्मदा उनीहरुले ल्याएका गुणलाई कदर गर्दै बाह्य अभिप्रेरणा प्रदान नगरेमा उनीहरु अगाडि आउन नसक्ने देखिन्छ । त्यसैले उनीहरुलाई अगाडि बढाउनको लागि मेरीपार्कले भने झै समान सहभागिता गराउन सकेमा शिक्षा क्षेत्रमा देखिएका अन्यौलता र शैक्षिक उपलब्धिलाई बढाउन सकिने देखिन्छ ।

## ४.३ महिला शिक्षकको शिक्षण पेशामा आइपर्ने समस्या

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था अध्ययनका लागि प्राचार्य, शिक्षक, अभिभावकलाई प्रयोग गरिएको अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट प्राप्त प्रतिकृयाको आधारमा समस्याहरुलाई निम्नानुसार उल्लेख गरिएको छ (हेर्नुस् परिशिष्ट : छ) ।

### क) शैक्षिक योग्यताको अभाव

कुनै पनि कार्य गर्नका लागि कार्यका आधारमा योग्यताको आवश्यकता पर्दछ । शिक्षण पेशा पनि  एक किसिमको प्राविधिक कार्य हो जसका लागि तहगत रुपमा शैक्षिक योग्यताको क्रम तोकिएको हुँदा जसको लागि चाहिने शैक्षिक योग्यता अनिवार्य रुपमा मानिन्छ । उच्च माध्यमिक तहको लागि सम्बन्धित बिषयमा स्नातकोत्तर नगरे शिक्षण गर्न पाईदैन । तर महिलाहरु अहिले पनि अति न्यून संख्यामा स्नातकोत्तर तह पास गरेको अवस्था रहेको पाईन्छ । शिक्षक योग्यताका अभावका सम्वन्धमा ६८.७५% प्राचार्यहरुले अधिकांस ठाउँमा महिला शिक्षकको विषयगत अभाव रहेको हुनाले महिला संख्या चाहेजति राख्न नसकिएको जवाफ दिएको पाईयो । त्यस्तैगरी महिला शिक्षकहरुलाई शैक्षिक योग्यताको सम्बन्धमा प्रश्न गर्दा ७५% ले महिलाहरुलाई शिक्षा दिने कुरामा घरपरिवारबाट नै सहयोग नमिलेको हुनाले शैक्षिक योग्यताकै कारण साथै जटिल बिषयहरुमा महिलाहरुले उच्च स्तरको शिक्षा प्राप्त नगरेको अवस्थाले पनि महिला शिक्षक न्यून रहेको बताए । त्यसै गरी अभिभावकहरुलाई

शैक्षिक अवस्थाको कारण ७५% शि.अ.संघ पदाधिकारी उक्त कुरामा शैक्षिक योग्यता पुगेका महिला बिरलै भएको कारण महिला शिक्षक योग्यताकै कारण पछि परेको र पुरुष बराबर शिक्षण पेशामा आउन नसकेको अवस्था रहेको जवाफ पाईयो ।

अध्ययनको क्षेत्रमा गरिएको सर्वेक्षणमा २५.०९% मात्र महिलाहरु शिक्षण पेशामा संलग्न रहेको पाईन्छ । जसका कारण जनसंख्याको आधा हिस्सा ओगटेका महिलाको अधिकारलाई सुनिश्चित गर्न २०६३ सालको अन्तरिम संविधानमा ३३ प्रतिशत कोटाको अवधारणा अनुसार पनि पूरा भएको देखिदैन । मानव सम्बन्ध सिद्धान्तमा मेरी पार्करले के कुरा उल्लेख गरेकी छन् भने शिक्षाको हरेक क्षेत्रमा विकास गर्नका लागि , राज्य , स्थानीय क्षेत्र, संघसस्था सबै सरोकारवालाहरुको सामुहिक जिम्मेवारी दिने कुराको विकास भएमा मात्र विकासले गतिलिन सक्दछ । अन्यथा एक पक्ष अगाडि सधै जाने हुनाले शिक्षाको क्षेत्रमा महिलालाई अवसर दिएर शैक्षिक अवस्थालाई सुधार गरी अधिक भन्दा अधिक छात्राहरुलाई शिक्षा आर्जन गर्न तर्फ लगाउन सकेमा भोलिका दिनमा शिक्षाको क्षेत्रमा यसले सकारात्मक सन्देश दिने देखिन्छ ।

## ख) तालिमको अभाव

शिक्षा क्षेत्रमा तालिमको महत्वपूर्ण भूमिका हुने गर्दछ । कुनै कार्य गर्नका लागि दक्ष र परिपक्क हुनु नितान्त जरुरी मानिन्छ । तर अध्ययनको क्षेत्रमा अध्ययन गर्दा मा.वि. तहको तालिम प्राप्त शतप्रतिशत नै तालिम प्राप्त देखिन्छ । तर उच्च मा.वि. तहको तालिम प्राप्त हुनको लागि एम.एड. गरेको वा सो सरहलाई मानिन्छ । अध्ययनको क्षेत्रमा एम.एड. गरेको शिक्षकको प्रतिशत हेर्दा २७.२८% एम.एड प्राप्त देखिन्छन् । यस्तो अवस्थामा शैक्षिक गुणस्तरमा कस्तो प्रभाव पार्ला भनेर प्राचार्यलाई सोध्दा शतपतिशत प्राचार्य , शिक्षक तथा अभिभावकले तालिम तथा दक्ष हुनाका लागि पुनर्ताजगी तालिमले महत्वपूर्ण भूमिका खेल्दछ। यदि तालिम वा शिक्षण गर्ने दक्षता छैन भने त्यस अवस्थामा शिक्षकले वालमैत्री तरिकाबाट शिक्षा प्रदान गर्न सक्दैन् भन्ने कुरामा सबै सहमतिमा आएको पाईयो ।

शिक्षा यस्तो बस्तु हो जसले मानव जीवनमा महत्वपूर्ण भूमिका खेल्दछ । जुन शिक्षाले मानव जीवनमा महत्वपूर्ण परिवर्तनका लागि कार्य गर्नु पर्दछ । शिक्षा प्राविधिक र

व्यावसायमूलक हुनुपर्दछ । यदि शिक्षाले भविश्यमा वालबालिकाहरुलाई उपर्युक्त मार्गदर्शन दिन नसकेकको खण्डमा यो शिक्षा प्रतिउत्पादक हुन जान्छ । यसका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस्तो जीवनको लक्ष्यमा परिवर्तन गर्ने शिक्षा दिने व्यत्ति अत्यन्त निपूर्ण हुनु आवश्यक मानिन्छ । यसको लागि दक्ष व्यक्तिको  महत्वपूर्ण भूमिका रहने गर्दछ । शिक्षकलाई सम्बन्धित तहको शिक्षण तालिम दिनु नितान्त जरुरी हुने गर्दछ । मास्लोको आधारमा कुनै पनि व्यक्ति कुनै पनि संगठनमा दक्ष तथा सम्मानित हुन चाहन्छ जसले व्यक्तिमा आत्मगौरव बढेने सम्भावना हुन्छ । आफ्नो मान सम्मान , स्वाभिमान , पहिचाहन र स्थानको खोजी गर्न थाल्दछ । आफुले प्राप्त गरेको सफलता , सामाजिक प्रतिष्ठा, पद , योग्यता, मर्यादा, प्रशंसा , पुरस्कार आदि चाहना राख्दछ । यस कार्यका लागि मानिस निपूर्ण नभई उसले  दक्षता हासिल गर्न सक्दैन । उसलाई  पुरस्कार र प्रसंशा प्रदान हुदैन् । जसले कार्यप्रति उदासिनता  र नकारात्मक प्रवृत्तिको विकास हुने गर्दछ ।

यसरी दक्ष बनाउनको लागि व्यक्तिलाई तालिम नभई नहुने साधन हो । शिक्षामा जति दक्ष व्यक्तिहरु हुन्छन् । तिनीहरुबाट दिएको शिक्षा पनि पूर्ण र प्रभावकारी हुन सक्दछ । जुन व्यक्तिहरु अदक्ष छन् उनीहरुबाट दिएको शिक्षा प्रभावकारी हुन सक्दैन् । प्रभावकारी शिक्षा विना  राम्रो जनशक्ति उत्पादन कल्पना गर्न नसक्ने हुनाले शैक्षिक क्षेत्रमा यसको असर लामो समयसम्म नकारात्मक पर्ने हुनाले यसका लागि महिला शिक्षक संख्या न्यून रहेको त्यसमा पनि सम्बन्धित तहमा तालिम प्राप्त शिक्षकको संख्या अति न्यून रहेको हुनाले यस्तो अवस्थालाई परिर्वतन ल्याउन सेवाकालीन तथा सेवा बाहिर रहेका महिलाहरुलाई तालिम प्रति आर्कषण गरेर अगाडि बढाउन सकेको खण्डमा शैक्षिक क्षेत्रमा सुधार हुने र भविष्यमा उनीहरु आफुले गरेको शिक्षण पेशा प्रति गर्भ गर्न सक्ने अवस्था सिर्जना साथै शैक्षिक उपलब्धिबाट प्राप्त भएको प्रतिफलबाट सम्मानित हुनका लागि जुन तालिमको अभावबाट शिक्षण कार्यमा देखिएको अवरोधलाई हटाउन नितान्त जरुरी देखिन्छ ।

## ग) घरायसी कार्यबोझ

उच्च माध्यमिक तहमा अध्ययनका लागि पुनर्वलिय अभावले पनि प्रभाव पारेको पाईन्छ । महिलाहरु सदियौं देखि दासताको दलदलमा फसेका छन् । उनीहरु आफैमा साहस र हिम्मतको अभाव देखिन्छ । घरपरिवारबाट उनीहरुले प्रयाप्त समय प्राप्त गदैनन् । साथै छोटो समयको उपयोग गेरेर उनीहरु आफ्नो पेशामा समर्पित हुनुपर्ने बाध्यत्मक अवस्थामा

रहेका छन् । महिला शिक्षकहरुले विद्यार्थीहरुलाई अभिप्रेरणा दिएता पनि उनीहरुले अभिप्रेरणा नपाएको भनी गुनासो गरे दरबन्दी कमी, शिक्षक नियुक्तिमा राजनीतिकरण र पेशागत संगठनको बिचमा टकराव उच्च माध्यमिक तहमा पनि परेकोले महिला शिक्षकलाई भन्दा पुरुष शिक्षकलाई नै बढी उत्प्रेरित र पुनर्वल दिएको भनि ६२.२५% महिला शिक्षकले बताएको पाइयो महिलाहरु कक्षा कोठामा प्रवेश गर्दा विद्यार्थीहरुले शिक्षकले भनेको राम्रोसंग घरमा नगर्ने जस्ता विविध किसिमका समस्याहरु रहेका ७५% सि.अ. संघ पदाधिकारीहरुले बताए भने प्रचार्यलाई उक्त कुराको जवाफमा कक्षामा गएर विद्यार्थीलाई नियन्त्रण गर्ने क्षमता, गृहकार्य साथै  हतार हतारमा विद्यालयमा आई शिक्षण गर्दा महिला शिक्षकमा थकानको प्रभावले चाहे जति शिक्षण गर्न नसकेको प्रार्चायहरुको जवाफ पाइयो । त्यस्तै विद्यार्थीहरुमा  जवाफ सोध्दा महिला शिक्षकहरु बढि मात्रामा सहानुभूती तर्फ लाग्ने होहल्ला नियन्त्रण गर्न नसक्दा धेरै विद्यार्थीहरुमा पछाडि साथै गृहकार्य नगरेपनि कुनै दण्डको व्यवस्था नहुनाले सिकाईमा असर परिरहेको ६२.५०% विद्यार्थीहरुले बताएको पाइयो ।

मास्लोका अनुसार कुनै पनि कार्य गर्न अभिप्रेरणाको आवश्यकता पर्दछ । अभिप्रेरणा दुई प्रकारका हुन्छन् । बाह्य अभिप्रेरणा र आन्तरिक अभिप्रेरणा । आन्तरिक अभिप्रेरणालाई प्रयोगमा ल्याउन केहि मात्रामा बाह्य अभिप्रेरणाले काम गरिरहेको हुन्छ । अभिप्रेरणा विना मानिसले चाहे जति कार्य गर्न असमर्थ हुने गर्दछ । त्यसैले गर्दा अभिप्रेरणालाई अति महत्वपूर्ण कुराको रुपमा लिइएको पाइन्छ । विद्यालयहरुमा महिला शिक्षकहरुलाई कमजोर हुन्छन भनेर कम जिम्मेवारी दिएको पाइन्छ । हरेक क्षेत्रमा महिलालाई नियमले दिएको परिधिमा बाध्य भएर सहभागिता मात्र गराउने कार्यले पनि उनीहरुको सहभागिता खाली पदपूर्तिको  लागि मात्र हुने हुनाले खासै महत्व दिएको पाईदैन् । मेरीपार्करका अनुसार कुनै पनि ठाउँमा सन्तुलित सहभागिताले मात्र संगठनमा राम्रो विकास हुन सक्दछ । सवैको सहभागिता विना कुनै पनि संगठनले प्रभावकारी विकास गर्न नसक्ने मानव सम्बन्ध सिद्धान्तले बताएको छ  । महिलालाई शैक्षिक क्षेत्रमा अधिक सहभागी गराउन सकेको खण्डमा मात्र उपलब्धि स्तर बढ्ने देखिन्छ ।

## घ) शिक्षण सहयोगी सामग्रीको प्रयोग गर्न नसक्नु

उच्च मा.वि. मा उच्च माध्यमिक तहको शिक्षकको लागि प्रयाप्त मात्रामा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भ सामाग्रीहरुको व्यवस्थापन गरिरहेको छ । तर यति

हुदाहुदै पनि पाठ्यक्रमको सफलतापूर्वक कायान्वयन हुन सकिरहेको छैन भनि प्राचार्यहरुले बताएको पाइयो । महिला अध्ययनको क्रममा संलग्न शिक्षक अभिभावक संघ पदाधिकारीहरुले पनि प्राचार्यको निरीक्षण हुनुपर्दछ । साथै शिक्षकहरुले पढाए नपढाएको हेरिनु पर्दछ । विद्यार्थीहरुको पनि अवलोकन गरिनु पर्दछ भनी बताएको पाईयो । शिक्षण सुपरिवेक्षणमा महिला शिक्षकको विषयमा विभिन्न किसिमका अविश्वासहरु हटाउनका लागि पनि सामान्य कमी कमजोरीमा सुधारको अपेक्षा गरेको पाईन्छ । मास्लोको अनुसार उपचारात्मक सुपरिवेक्षणले कार्यमा अभिप्रेरणाको जागरण गराउनुपर्दछ भनी उल्लेख गरेको पाइन्छ ।

## च) अभिभावकबाट विभेदकारी व्यवहार

एउटै कोखबाट जन्मेका छोरा र छारीमा अभिभावकको दृष्टिकोण  फरक रहदै आएको पाईन्छ । छोरा भएर जन्मेको कारण सम्पतिको हकदार साथै घरमा सम्मान दुवै रहने तर छारीलाई हेर्ने दृष्किोणमा लालन पालन , पठन पाठन देखि हरेक क्रियाकलापमा अधिकांस अभिभावकको फरक दृष्टिकोण रहेको पाईन्छ । आफुहरु छोरी भएर जन्मिएकोमा बाबुआमा देखि विवाह बन्धन पछिको जीवनमा विभिन्न समस्याहरु भोग्नु परेको र आफुहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरिएको ७५% महिला शिक्षकहरुले बताएको पाईयो । यदि समान व्यवहार गर्न नसकेमा संगठनमा नकारात्मक असर परी विभिन्न किसिमका समस्याहरु आउदछन् भन्ने भनाई मेरी पार्कर फोलेटको छ भने कुनै पनि कार्य पुरा गर्नका लागि बाहिरी बल वा अभिप्रेरणाको जरुरत पर्दछ भन्ने किसिमको सिद्धान्त मास्लोले प्रतिस्पादन गरेको हुनाले महिलालाई घरपरिवारबाट समान व्यवहार वा अवसर दिनुपर्ने देखिन्छ ।

## छ) निर्देशन पालन गर्ने समस्या

उच्च माध्यमिक तहमा प्राचार्य र त्यही विद्यालयको मा.वि. तहमा प्रधानाध्यापक फरक फरक रहेको  हुँदा  उच्च माध्यमिक तह अध्यापन गराउने  र माध्यमिक तहमा अध्ययापन गराउने शिक्षकहरुले दुवैको निर्देशन मान्नुपर्ने हुन्छ भनी ७५% महिल शिक्षकहरुले दुई नतृत्व बिचमा वेमल हुदा कहिलकाही विद्यालयको वातावरण बिग्रने हुनाल सहयोगमा अनेकताको समस्या रहेको र यसको दोष शिक्षकले झेल्नुपरेको अभिभावकबाट खप्की

खानुपरेको यसको लागि सबै विद्यलायमा प्र.अ. प्राचार्य एउटै भएमा निर्देशन मान्न सजिलो हुने बताएको पाइयो ।

## ४.४ शिक्षण पेशामा आइपरेका समस्या समाधानका उपाय

प्राचार्य, शिक्षक, अभिभावकहरुबाट अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट प्राप्त प्रतिक्रियाको आधारमा उच्च माध्यमिक तहको सिकाईमा देखा परेका समस्याहरु समाधानका उपायहरुलाई निम्नानुसार उल्लेख गरिएको छ (हेर्नुस् परिशिष्ट : सात) ।

### क) महिला शिक्षकलाई सेवा प्रवेशमा अवसर दिएर

अध्ययनको क्षेत्रमा गएर प्राचार्य, शिक्षक, अभिभावकलाई महिला शिक्षक न्यून रहनुको अवस्थामा हरेक क्षेत्रमा पुरुषको बाहुल्यता रहेजस्तै शिक्षामा पनि पुरुषहरु नै अग्रस्थानमा रहको हुनाले शिक्षण पेशामा विभिन्न किसिमका दवाब तथा राजनीतिक पार्टीका मान्छे प्रवेशले गर्दा योग्य इमान्दार भएर पनि महिला शिक्षकलाई सेवा प्रवेश गराउन कठिन भएको ८७.५०% प्राचार्यहरुले जवाफ दिनु भयो । महिला शिक्षकहरुलाई उक्त प्रश्न गर्दा सेवा प्रवेशमा सामन्तवादी तथा पुरानो मान्यताले गर्दा शिक्षण गर्न महिला कमजोर हुन्छन भनेर पूर्वाग्रह राखेका कारण र महिलालाई अवशर प्रदान गर्दा शिक्षण पेशामा महिलाहरुबाट न्यून शैक्षिक उपलब्धी प्राप्त हुन्छ भन्ने आरोप रहको जवाफ ७५% महिला शिक्षकहरुबाट पाईयो । त्यसैगरि अभिभावकमा महिलाका अवस्था किन न्यून रहेको भनेर कारण सोध्दा महिलाहरुको बारेमा ३७.५०% अभिभावकहरु सकारात्मक देखिएनन् । उनीहरुका अनुसार महिलाहरु पढाउने कुरामा अल्छि गर्दछन् । बालवालिकाहरुले पढाईप्रति उनीहरुको विषयमा चासो राखेको जवाफ पाईयो ।

यसरी नै शैक्षिक क्षेत्र एउटा सबै पक्षको सरोकारको क्षेत्र भएको हुनाले यो क्षेत्रमा हरेक जाति, लिङ्ग, आदिको प्रभाव पर्ने गर्दछ । त्यस्तो क्षेत्रमा मेरी पार्करले भनेजस्तै सहभागितामूलक अवस्थाको सिर्जना गर्न सकेमा संगठन राम्रो संग चल्ने र त्यसबाट प्राप्त हुने प्रतिफल उच्च रहने कुराको व्याख्या गरे अनुरुप शिक्षण पेशामा महिलाको संख्या वृद्धि गरि हालको अवस्थाबाट माथि उठ्नको लागि उच्च माध्यमिक तहमा पनि अनिवार्य महिला

शिक्षक राख्ने प्रावधानको सिर्जना गरी संविधानको मापदण्ड अनुसार कम्तिमा महिला कोटा पुरा गर्दै गएमा हालको अवस्थामा सुधार आउने देखिन्छ ।

## ख) तालिमको तथा शैक्षिक सामाग्रीको पूर्ण उपयोग गर्नु

उ.मा.वि. तहमा सम्बन्धित तहको तालिम प्राप्त महिला शिक्षकको संख्या कम रहे पनि तल्लो तहमा शतप्रतिशतको नजिक (बि.एड.) शिक्षकहरु तालिम प्राप्त भएको पाईन्छ । यसरी कुनै पनि तहमा लिएको तालिमको उपयोग हरेक क्षेत्रमा काम गर्नको लागि सहयोग पुऱ्याउने भएको हुनाले त्यसको पूर्ण उपयोग गरेर शिक्षण गरेमा शैक्षिक उपलब्धि उच्च रहने कुरामा दुईमत छैन् । अध्ययनको क्षेत्रमा हरेक विद्यालयका प्राचार्यले तालिममा हासिल गरेका सीप तथा शैक्षिक सामाग्रीको उपयोग गरेमा उपलब्धि वृद्धि हुने र हालको अवस्थामा सुधार ल्याउन सकिने जवाफ पाईयो । आफ्नो तालिमको प्रभावकारी प्रयोग गर्ने हो र अभिप्रेरणा साथै मूल्याङ्कन प्रभावकारी हुने हो भने सिकाई उपलब्धिमा वृद्धि गराउन सकिने भनी ६२.५०% महिला शिक्षकहरु सहमत भएको पाईयो । विद्यालयले परिमाणात्मक भन्दा गुणात्मक पक्षमा जोड दिई विद्यार्थीको उपलब्धि बढाउनु पर्दछ भनी शतप्रतिशत अभिभावकहरुबाट जवाफ पाईयो ।

## ग) दरबन्दी मिलान गर्नु

उ.मा.वि. तहमा शिक्षकहरु सरकारले तोके बमाजिम महिला शिक्षक राख्न नपर्ने अनिवार्य व्यवस्था नभएको अनुदान पाएका विद्यालयले एकमुष्ट अनुदान लिइ महिला शिक्षकहरुभन्दा पुरुष शिक्षकहरु नै भर्ना भएको ९२.५०% प्राचार्यहरुले बताएको पाईयो । जुन विद्यालयमा महिला दरबन्दी नभइको वा न्यून रहेको छ । त्यस विद्यालयमा महिला शिक्षकहरुलाई भर्ना गरी समावेशी गराउनु पर्ने देखिन्छ । भविष्यमा मेरी पार्करको मानव सम्बन्धको सिद्धान्तमा सरोकारवालाको सहभागितामूलक कुरा जुन उठाएकी छिन त्यसलाई आत्मासाथ गर्दै गएमा शैक्षिक क्षेत्रको उद्देश्य  पनि पुरा हुने देखिन्छ ।

प्राथमिक तहमा न्यूनतम  एक महिला शिक्षक हुनुपर्दछ भन्ने जुन  नियम सरकारले ल्यायो जसको परिणाम स्वरुप प्राथमिक तहमा महिला शिक्षकको उपस्थित बढेर गएको पाइन्छ ।

तर नि.मा.वि., मा.वि. र उच्च मा.वि. तहमा पुग्दा त्यसको मात्रा क्रमश घट्दै गएको पाईन्छ । एकातिर शैक्षिक योग्यताको अभावले माथिल्लो तहमा महिला शिक्षकको उपस्थिति संख्या कम भएको पाईन्छ भने अर्को तर्फ शिक्षण पेशामा सकेसम्म प्रवेशका लागि पुरुषलाई प्राथमिकता दिने परिपाटीले उनीहरुको उ.मा.वि.तहमा उपस्थिति कम रहेको पत्ता लाग्यो । यसको लागि भविश्यमा उ.मा.वि.तहमा पनि निश्चित महिला शिक्षकको संख्या तोक्नु पर्ने देखिन्छ । त्यसको लागि उ.मा.वि. तहमा दरबन्दी मिलानले महिलाको उपस्थितिलाई बढाउदै लैजाने कार्य गर्दछ ।

## घ) विकेन्द्रिकरण नीतिको कार्यान्वयन गर्नु

विद्यालय स्तरमा अझै सम्म पनि अख्तियार प्रत्यायोजन भएको छैन । विद्यालय कुनै प्रा.वि. कुनै नि.मा.वि. र कुनै मा.वि. तह सम्म सामुदायिकीकरण भएका छन  तर उ.मा.वि. लाई पनि ९-१२ कक्षा सम्म मा.वि. तहमा नै समावेश गर्ने जुन नीति सरकारले लिएको छ सोही आधारमा अधिकार प्रत्यायोजनको विकेन्द्रिकरण भएको छैन ।

## ङ) महिला शिक्षकलाई शिक्षण पेशामा समावेशका लागि वातावरण निर्माण गर्नु

हरेक कार्य गर्नका लागि अभिप्रेरणा आवश्यकता पर्दछ । अभिप्रेरणाले गर्दा मानिसको मनस्थितिमा एक प्रकारको तरङ्ग उत्पन्न हुने गर्दछ । मानिसमा काम गर्ने उत्साह पैदा गर्दछ। जसको कारण कार्य गर्न अभिप्रेरणा दिनु पर्ने अभिप्रेरणाले शिक्षणकार्यमा प्रभाव पार्ने ७५% प्राचार्यले बताएको पाईयो । मैत्रीपूर्ण निर्माण गरेर हालको महिला शिक्षकको न्यून उपस्थितिलाई पुरा गर्नका लागि सबै क्षेत्रबाट पहल हुनुपर्ने बताएको पाइयो ।  नारी र पुरुष एक रथका दुई पाङ्ग्रा भन्ने भनाइलाई चरितार्थ गर्नका लागि पनि र शिक्षारुपी रथलाई सन्तुलित भएर गुडाउनका लागि पनि समावेशीकरणको सिद्धान्तअनुसार शिक्षण पेशामा महिला शिक्षकलाई समावेश गनुपर्ने भनेर ५०% अभिभावकबाट जवाफ पाइयो । त्यसैगरी शिक्षण पेशामा महिला शिक्षकलाई समावेश गराउने कुरामा आफुहरु सदियौं देखि समाजमा विभेदकारी नीतिले गर्दा पछि पारेका हुनाले शिक्षण कार्यमा प्रवेशको लागि अति कठिन वातावरण भएको , यसको लागि छुट्टै र विशेष खालको व्यवस्था हुनुपर्ने कुरामा शतप्रतिशत महिला शिक्षकको सुझाव प्राप्त भएको छ ।

## च) महिला शिक्षक राख्ने आरक्षणको व्यवस्था गरिनु पर्ने

नेपालको अन्तरिम संविधान २०६३ मा हरेक क्षेत्रमा न्यूनतम ३३% महिलाहरु समावेश गर्ने प्रावधान अनुसार संविधानको मर्म र भावना अनुसार महिला आरक्षण कोटा निर्धारण गरी प्राप्त हुने शिक्षक दरबन्दिमा महिला शिक्षक राख्नुपर्दछ भन्नेमा ६२.५०% प्राचार्य, शि.अ.संघ पदाधिकारी र शत्प्रतिशत महिला शिक्षकहरुको सुझाव दिएको अध्ययनको क्रममा प्राप्त भयो । मेरीपार्करका अनुसार पनि संगठनमा अधिक मात्रमा सबै तह र सरोकारवालाहरुलाई प्रवेश गराउदा लाभ हुन्छ भन्ने कुरा लागु गर्नुपर्ने आरक्षण व्यवस्थाले गरेको पाईन्छ ।

अन्य क्षेत्रमा जस्तै उ.मा.वि. तहमा पनि महिला शिक्षक नियुक्तिमा पनि संविधानमा उल्लेख भएको कुरालाई आत्मसाथ गरेको खण्डमा आगामी दिनमा महिला शिक्षक शिक्षण पेसामा अधिक सहयोगी भई शिक्षण कार्य प्रभावकारी गराउनु जरुरी देखिन्छ ।

## छ) नेतृत्व तहमा महिलालाई प्राथमिकता दिनु पर्ने

अध्ययनको क्रममा नेतृत्व तहमा पुगेका महिलाहरुको संख्या हेर्दा उ.मा.वि. संचालन भएका ८ वटा विद्यालयमा २ जना प्राचार्य र १ जना वि.व्य.स.को अध्यक्षमा रहेको पाइन्छ । यसमा ३ वटा स्रोतकेन्द्रमा रहेको १७ वटा उ.मा.वि. संचालन भएकोमा माथि उल्लेखित संख्या बाहेक प्रमुख नेतृत्व तहमा पुरुष नै विद्यालय सञ्चालनमा प्रमुख रहेको भेटियो । उक्त महिला संख्या नेतृत्व तहमा संख्यात्मक तथा प्रतिशत दुबै न्यून हुन आउदछ । त्यसैले ५०% प्राचार्यहरुले महिला नेतृत्वबाट विद्यालय राम्रो सञ्चालन हुने विचारको जवाफ पाईयो । महिला शिक्षकहरुबाट यस किसिमको प्रश्नको जवाफमा ६२.५०% ले महिलाहरु पनि नेतृत्व गर्न सक्षम हुन्छन् भन्ने जवाफ पाइयो । शि.अ.संघ पदाधिकारीहरुलाई यो जवाफ सोध्दा महिलाहरु अध्ययापनमा सक्षम हुन्छन् भन्नेमा ५०% ले सकारात्मक जवाफ दिएको पाईयो ।

## ज) शिक्षा नियामावली प्रष्ट र दिगो हुनुपर्ने

शिक्षा नियामावली स्पष्ट र दिगो हुनु जरुरी छ । समय समयमा अनावश्यक संसोधन हुनु हुदैन भनी शतप्रतिशत प्राचार्य र शिक्षकहरुले बताएको पाईयो । प्रा.वि., नि.मा.वि. मा.वि. र उ.मा.वि.को व्यवस्था साथै हालै ल्याएको अवधारणा आधारभूत तह र माध्यमिक तहको

व्यवस्था स्पष्ट हुनुपर्नेमा जोड दिएको पाईयो । विदा , सरुवा , बढुवा र पदोन्नतीमा समेत पारदर्शियता हुनुपर्ने र दिगो हुनुपर्ने साथै उ.मा.वि. तहको अन्यौलता हटाएर स्पष्ट नीति ल्याउन सकेमा मात्र शिक्षण पेशामा आर्कषण बढ्ने कुरा बताएको पाईयो । अधिकांस उ.मा.वि.मा नीजि शिक्षक र अतिरिक्त शिक्षकबाट कक्षा सञ्चालन भएको , तलबभत्ताको व्यवस्था अति न्यून रहेको , विद्यालयले प्रा.वि. स्तरमा पढाउने शिक्षकको भन्दा पनि कम तलब दिएर शोषण गरेको र महिला शिक्षक नियुक्तिमा स्पष्ट नीति नहुदा सेवा प्रवेशमा समेत राजनैतिक र नातागोताले प्राथमिकता पाइरहेको जवाफ महिला शिक्षकबाट पाइयो । त्यसैले महिलाहरुलाई स्थापित गर्नको लागि शिक्षा ऐन , नियमावली स्पष्ट र दिगो हुन जरुरी छ ।

### झ ) उत्प्रेरणामा जोड दिनु

सदियौं देखि अधिकार विहिन भएर चुलोचौकोमा अल्मलिएका महिलाहरु आफैबाट पूर्ण जागरुक तत्काल हुने अवस्था देखिदैन् । यसका लागि महिलालाई हरेक क्षेत्रमा पुनःस्थापना गर्दै जानुपर्ने अवस्था रहेको छ । यसका लागि अन्य सरकारी क्षेत्रबाट जस्ते उच्च माध्यमिक तहको शिक्षण पेशामा ल्याउनका लागि महिलालाई नै प्राथमिकता दिएर उत्प्रेरणा दिनुपर्नेमा ७५% प्राचार्य, ६२.५०% शिक्षक अभिभावक संघ पदाधिकारी र शतप्रतिशत महिला शिक्षकहरुले बताएको पाइयो ।

### ञ) महिला शिक्षक प्रति अभिभावकको सकारात्मक भावनाको विकास गराउनु

अभिभावकमा महिलाहरु कमजोर हुन्छन् उनीहरुले भन्दा पुरुष शिक्षकबाट आफ्ना बालबालिकाहरुलाई राम्रो शिक्षा दिनेमा ७५% अभिभावकले बताएको पाइयो । यस किसिमको महिला प्रतिको न्यून विश्वासलाई आगामी दिनमा सकारात्मक सोच तर्फ बदल्नका लागि अभिभावकहरुमा महिलाहरु विश्वासिला र इमान्दार हुन्छन् भन्ने कुराको सोच लिनु पर्दछ भन्नेमा ६२.५०% प्राचार्यहरुले बताएको पाइयो भने ८७.५०% महिला शिक्षकहरुले आफु प्रति भएको अविश्वास हटाउनका लागि विभिन्न जिम्मेवारी दिनुपर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था यस शीर्षक अध्ययनका लागि निर्धारित उद्देश्य प्राप्त गर्न परिच्छेद चारमा गरिएको तथ्यांकको व्याख्या तथा विश्लेषणबाट प्राप्त तथ्यांक तथा प्रतिक्रियाको मुख्य प्राप्ति, निष्कर्ष र सुझावलाई निम्नानुसार उल्लेख गरिएको छ ।

## ५.१ प्राप्ति

यस अध्ययनबाट प्राप्त तथ्यहरुलाई व्याख्या तथा विश्लेषण गरी मुख्य प्राप्तिलाई निम्नानुसार उल्लेख गरिएको छ :

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था बारेमा अध्ययन गर्दा अध्ययनको क्षेत्रमा उच्च मा.वि. मा अध्यापनरत महिला २५.०९%रहेको पाइन्छ भने पुरुष ७४.९१% रहेको छ । यसबाट के देखिन्छ भने महिलाको भन्दा पुरुषको ४९.८२% बढी रहेको पाइयो ।

उच्च माध्यमिक तहमा  महिला शिक्षकको अवस्था बारेमा अध्ययन गर्दा अध्ययन क्षेत्रमा पुरुष शिक्षकको तुलनामा महिला शिक्षक २६.६७% मात्र रहेको पाइयो । बि.एड. गरेर तालिम प्राप्त भएका महिला शिक्षकहरु शतप्रतिशत पुगेको पाइयो भने एम.एड.गर्ने महिला शिक्षकहरु २७% मात्र पाइयो । जसको कारण गुणस्तरीय शिक्षामा असर पुर्‍याएको पाइयो । अधिकांस विद्यालयमा आन्तरिक स्रोतबाट र नीजि तथा आंसिक रुपमा महिला शिक्षकहरु भर्ना गरी कक्षा सञ्चालन भईरहेको पाइयो विद्यालय सञ्चालनको क्रममा विद्यालय व्यवस्थापन समितिमा समेत महिला सहभागिता न्यून रहेको पाइयो । विद्यालयको उच्च माध्यमिक तहमा अध्यापनरत जातिगत महिला शिक्षकको अध्ययन गर्दा दलित जातिको उपस्थिति शून्य रहेको जनजाति ३७.५% र अन्य जातिका ६२.५% शिक्षकहरु रहेको पाइयो । शिक्षण कार्यमा सहभागी अधिकांस महिलाहरु सम्बन्धित तहमा तालिम प्राप्त नभएकोले शिक्षण सिकाई विद्यार्थी केन्द्रित गर्नुपर्ने अधिक प्रयोग शैक्षिक सामाग्री तथा न्यून प्रयोग शिक्षण विधि प्रयोग भएको पाइयो ।

शिक्षण कार्यमा महिला शिक्षकको न्यून उपस्थितिले पनि अभिभावकमा छोरीलाई पनि शिक्षा दिनुपर्ने, उच्च शिक्षा दिन सकेमा विभिन्न पदमा रहेर काम गर्न सक्ने र आफैमा स्वाबलम्बी भएर बाच्न सक्ने भन्नेमा ६२.५०% शि.अ.संघ पदाधिकारी विस्वस्त रहेको पाइयो । महिला शिक्षकहरु नियमित विद्यालयमा उपस्थित हुने र इमान्दारी पूर्वक नियमित रुपमा कक्षा लिने गर्नुभएको ७५% विद्यार्थीहरुले जवाफ दिएको पाइयो । प्राचार्यले महिला शिक्षकहरु इमान्दार मेहनती स्वाभावका साथै शिक्षण कार्यमा कर्तव्य निष्ठ र विद्यार्थीहरुलाई सिकाई उपलब्धि वृद्धि गर्न चिन्तित रहेको ६२.५०% प्राचार्यले सकारात्मक जवाफ दिएको पाइयो ।

प्रभावकारी शिक्षणमा महिला शिक्षकको बारेमा अध्ययन गर्दा उनीहरुको प्रभावकारी उपस्थितिमा अध्ययन क्षेत्रमा छात्राहरुको भर्नादर बढ्दो अवस्थामा तुलनात्मक रुपमा बढि पाइयो । विद्यार्थीमा महिला शिक्षकले नै सकृयता पूर्वक अध्यापन गराउनेमा बढि मत पाइयो । महिलाहरु बालबालिकालाई माया, ममता आदि गर्ने कुरामा ६७.७५% विद्यार्थीहरु खुशी रहेको पाइयो । यसरी मास्लोले भने जस्तै अभिप्रेरणा दुई प्रकारका मध्ये बाह्य अभिप्रेरणा महिलालाई दिन सकेमा उनीहरुको आन्तरिक अभिप्रेरणा झन बढेर अध्यापन कार्यमा सिकाई उपलब्धि वृद्धि हुने ७५% अभिभावकहरुले जवाफ दिएको पाइयो ।

महिला शिक्षक उच्च माध्यमिक विद्यालय तहमा सहभागिता सम्बन्धि समस्याहरुमा योग्यताको कमी हुनु , घर पायक बाहेक बाहिर जान नचाहनु , अनुभव कम हुनु , माथिल्लो निकायबाट प्रभावकारी व्यवस्थापन नहुनु , सामाजिक रीतिरिवाज अनुसार सानै उमेरमा विवाह बन्धनमा बाधिनु र परिवारबाट शिक्षा आर्जनमा राम्रो सहयोग नगरेको पाईयो । घर परिवारमा रहदा विभिन्न किसिमका जिम्मेवारी बहन गर्नुपर्ने कारण विद्यालयमा पूर्ण समय बिताए पनि अध्यापनको लागि घरमा प्रयाप्त समयको आवश्यकता पर्ने हुनाले घरमा प्रयाप्त समय नपाएर शैक्षिक सामाग्रीहरु निर्माण गर्न समेत समय अपुग भएको ८७.५०% महिला शिक्षकहरुले बताएको पाईयो । प्रयाप्त समय पाएमा पुरुष शिक्षकले भन्दा महिला शिक्षकले गुणस्तरीय शिक्षा दिन सक्ने अध्ययनबाट पत्ता लागेको छ ।

उच्च माध्यमिक तहमा आवद्ध विद्यालयमा महिला शिक्षक अध्यापन कार्यमा न्यून रहेको पाइयो । उच्च माध्यमिक तहमा महिला शिक्षकको सहभागिता सम्बन्धि समस्या समाधानका उपायहरु छुट्टै महिला दरबन्दी पद श्रृजना गरी महिला शिक्षक नियुक्त गर्नुपर्ने । नयाँ श्रृजना हुने दरबन्दीमा महिलालाई बढि प्राथमिकता दिनुपर्ने उ.मा.वि. तहमा कम्तिमा प्रा.वि. तहमा जस्तै महिला शिक्षक तोक्नुपर्ने । ऐन नियमावली परिवर्तन गरी महिला शिक्षक सहभागिता बढाउनु पर्ने देखिन्छ । शिक्षकहरुलाई कर्मचारी सरह सेवा सुविधा दिएर अन्यत्र नपठाई घरपायक व्यवस्थालाई मात्र जोड दिदा अध्ययनबाट उपलब्ध हुने गुणस्तर राम्रो नभएको गुनासोलाई ध्यान दिदै सुधार गर्नुपर्ने देखिन्छ ।

## ५.२ निष्कर्ष

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था शीर्षकको यस अध्ययनको मुख्य प्राप्तिको आधारमा निकालिएको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

शिक्षण पेशामा महिला शिक्षकको तुलनामा पुरुष शिक्षकको संख्या अधिक रहेको छ भन्ने यस अध्ययनमो मुख्य निष्कर्ष रहेको छ । अध्ययनको क्षेत्रमा जातिगत महिला शिक्षकको अवस्थालाई अध्ययन गर्दा अन्य जातिका महिला शिक्षक ६३.६९% रहेको छ भने जनजातिका महिला शिक्षक ६३.३७% रहेको र दलित तथा पिछडिएका जातिको प्रतिनिधित्व शून्य प्रतिशत रहेको तथ्यांकले के देखाउँछ भने उच्च मा.वि.मा पनि अन्य क्षेत्रमा जस्तै दलितहरुलाई सहभागि गराउनको लागि अव्सर र अध्ययन क्षेत्रमा प्रोत्साहन गर्नुपर्ने देखिन्छ।

नेतृत्व लिन सक्ने विषयमा अध्ययन गर्दा ८ वटा उ.मा.वि. संचालन भएका विद्यालयमध्ये २ वटा उ.मा.वि.मा महिला प्राचार्य भएर नेतृत्व रहेको पाइयो । घरमा भएका विभिन्न समस्यालाई समाधान गर्दै विद्यालयमा उहाँको नेतृत्व सफल र प्रजातान्त्रिक तरिकाले चलिरहेको सबै पक्ष सन्तुष्ट रहेको र महिला पनि मौका पाएमा सफल नेतृत्व प्रदान गर्न सक्नुहुन्छ भन्ने प्रमाणित गरिदिएको हुनाले महिलालाई उत्प्रेरणा, पुर्नबल मिलेको पाइन्छ ।

उच्च माध्यमिक तहमा अध्यापनरत महिलाहरु २७.२८ % ले मात्र तालिम प्राप्त एम.एड. तह उत्तीर्ण गरेको र ७२.७२% ले सम्वन्धित तहमा तालिम प्राप्त नगरेको देखिन्छ । यस

किसिमको अवस्थाले शिक्षण सिकाइमा प्रभाव पार्ने हुनाले यस किसिमको समस्यालाई हटाउनको लागि सेवाकालिन तालिमको व्यवस्था गरी तालिम प्रापत गराउन सकेमा भविश्यमा शिक्षण सिकाइमा प्रभावकारीता ल्याउने हुनाले उनीहरुलाई तालिम तर्फ उत्प्रेरणा दिनुपर्दछ ।

## ५.३ सुझाव

उच्च माध्यमिक तहमा मिहला शिक्षकको अवस्थालाई सुधार गर्न निम्न सुझाव प्रस्तुत गरिएको छ ।

उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्थामा वृद्धि गर्ने उपाय अपनाउनु पर्दछ । महिलालाई उच्च तहको शिक्षा दिन घरपरिवारबाट पूर्ण सहयोग गर्नुपर्दछ । समाजमा महिलाहरु असक्षम हुन्छन् भन्ने कुराको विजारोपण हटाएर महिला पनि स्थान पाएमा आफ्नो जिम्मेवारीलाई पुरा गर्न सक्छन् भन्ने कुराको निराकरण गर्न सहयोग गर्नु पर्दछ । अन्तरिम संविधान २०६३ मा कम्तिमा ३३% महिलालाई हरेक क्षेत्रमा सहभागि गराउनु पर्ने कानुनी बाध्यता देखिएको छ । शिक्षण पेशामा महिला उपस्थितिको संख्या वृद्धिका साथै उनीहरुलाई दक्ष बनाउने तालिम साथै प्रशिक्षण दिएर गुणात्मक रुपमा महिला शिक्षकको सेवा सुरक्षा तथा सुविधाको सुनिश्चितता गरिनु पर्ने दखिन्छ ।

सामुदायिक विद्यालयमा विशेष गरी दलित, गरिव, जनजाति तथा मध्यम स्तरीय आयशक्ति भएका बालवालिका आउने हुँदा आर्थिक, सामाजिक, सास्कृतिक अवस्था पहिचान गरी रुची चाहना र आवश्यकता अनुसार शिक्षण गर्नुपर्दछ । त्यसको लागि वालमनोविज्ञानको आधारमा उनीहरुको रुचीको आधारमा शिक्षण गरेमा मात्र उच्च माध्यमिक तहमा छात्रा संख्या वृद्धि हुने देखिन्छ । जसको लागि सबै पक्षलाई शिक्षण पेसामा समावेश गर्ने नीति अनुरुप महिला पनि उत्त सूचीमा पर्ने हुनाले महिला शिक्षकलाई शिक्षण पेसामा प्राथमिकता दिनुपर्ने देखिन्छ ।

प्राचार्यले शिक्षकहरुको, स्रोतव्यक्तिहरुले प्राचार्यहरुको प्रभावकारी रुपमा सुपरिवेक्षण गर्नु पर्दछ। स्रोत व्यत्तिले अन्य प्रशासनिक कार्यमा कटौति गरी उपचारात्मक शैक्षणिक

सुपरिवेक्षणमा जोड दिनुपर्दछ । विद्यालयमा जिल्ला शिक्षा कार्यालयबाट समय समयमा नीरिक्षण गर्ने व्यवस्था गरी नमूना शिक्षण शैक्षिक सामाग्रीको निर्माण, प्रयोग र व्यवस्थापनको पक्षमा ज्ञान र सीप प्रदान गरी सुपरिवेक्षण गरिनु पर्दछ । अधिकांस शिक्षकहरु निरीक्षक प्रति सकारात्मक देखिएको पाईदैन । सुपरिवेक्षणबाट शिक्षकहरुले नयाँ कुरा सिक्ने आशा भन्दा पनि खाली शिक्षकहरुलाई निर्देशन तथा कमीकमजोरी औंल्याईदिने भएकाले निरीक्षकबाट शिक्षकहरु टाढा रहन खोजेको देखिन्छ ।

विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले ऐनको परिधि भित्र रहि विद्यालयको समग्र निकायमा ध्यान पुऱ्याउनु पर्दछ । शिक्षक नियुक्ती, सरुवा र बढुवामा पूर्वाग्रह लिनु हुदैन । पेशागत संघ संगठन युनियनहरुले विद्यालयको हितमा कार्य गर्नुपर्दछ । सम्पर्कमा र समन्वयमा वृद्धि गर्नु पर्दछ । उच्च माध्यमिक विद्यालयको सुपरिवेक्षण एवं अनुगमन गर्ने अधिकार शिक्षा विभागका महानिर्देशकहरुलाई हुने र महानिर्देशकहरुले आफुलाई प्राप्त भएको अधिकार क्षेत्रिय शिक्षा निर्देशक र जिल्ला शिक्षा अधिकारीलाई मात्र वा परिषदको समितिलाई वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने प्रावधान अनुसार समय समयमा उच्च मा.वि. सञ्चालन भएका विद्यालयको अनुगमन जिल्ला शिक्षा कार्यालयबाट हुनुपर्ने देखिन्छ ।

समाज विकासको लागि नारी पुरुषको समान आवश्यकता महशुस भएजस्तै शैक्षिक क्षेत्रलाई अगाडी बढाउनको लागि भूमिका निर्वाह गर्न पुरुष शिक्षक र महिला शिक्षक दुवैको समान सहभागिता भएमा मात्र सिकाई प्रभावकारी हुने देखिन्छ । “ जहाँ एउटी नारी शिक्षित हुन्छिन् त्यहाँ सम्पूर्ण परिवार नै शिक्षित हुन्छन् ।” भन्ने भनाईलाई हृदयगमन गरी सबैले महिला प्रतिको व्यवहारमा सकारात्मक भावना ल्याउन नितान्त जरुरी छ । जसको लागि महिला शिक्षकहरुको सहभागिता वृद्धि गरी गुणस्तरीय शिक्षालाई जोड दिई सबै पक्षमा शैक्षिक विकास अगाडि बढाउनुपर्दछ ।

# सन्दर्भसामग्री


अधिकारी, बिष्णु प्रसाद (२०६५), शैक्षिक निरीक्षण नेपालमा शैक्षिक प्रणाली, काठमाडौं : आशिष पुस्तक भण्डार ।

कानून किताव व्यवस्थापन समिति (२०६७), शिक्षा नियमावली, नेपाल सरकार ।

काफ्ले, बासुदेव, ढकाल, हेमराज र अधिकारी, कृष्णप्रसाद (२०६५), शिक्षामा सामाजिक न्याय काठमाडौं : सन्लाइट पब्लिकेसन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

वज्राचार्य, सकुन्तला (२०६७), सामुदायिक माध्यमिक विद्यालयमा महिला शिक्षकको अवस्था, शिक्षा स्नातकोत्तर अप्रकाशित शोधपत्र, तानसेन बहुमुखी क्याम्पस ।

बस्नेत, सरस्वती, (२०६२), महिला शिक्षकको सहभागिता र शिक्षण सिकाईमा प्रभाव, शिक्षा स्नातकोत्तर अप्रकाशित शोधपत्र, तानसेन बहुमुखी क्याम्पस ।

भण्डारी, कुलप्रसाद (२०६८), संस्थागत विद्यालयमा महिला शिक्षकको अवस्था, शिक्षा स्नातकोत्तर अप्रकाशित शोधपत्र, तानसेन बहुमुखी क्याम्पस ।

रेग्मी, पुष्करराज (२०६८), अनुसन्धान अवलोकन, काठमाण्डौ : दीक्षान्त प्रकाशन ।

शर्मा, गोपीनाथ (२०६०), नेपालमा शिक्षा योजनाको प्रतिवेदन, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शिक्षा तथा खेलकुद मन्त्रालय, (२०६४-०६५), शिक्षा बिभागको आधार पत्र, नेपाल सरकार, शैक्षिक योजना महाशाखा , काठमाण्डौ ।

## उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था

## परिशिष्ट : एक

## नमूना विद्यालय

| क.स | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | मोहनकन्या उच्च मा.वि | तानसेन स्रोत केन्द्र, पाल्पा |
| २ | महेन्द्रबोधी उच्च मा.वि | तानसेन स्रोत केन्द्र, पाल्पा |
| ३ | प.प.नमुना उच्च मा.वि | तानसेन स्रोत केन्द्र, पाल्पा |
| ४ | सेन उच्च मा.वि | तानसेन स्रोत केन्द्र, पाल्पा |
| ५ | बिष्णु उच्च मा.वि | नायरनम्तलेस स्रोत केन्द्र पाल्पा |
| ६ | शौभाग्य उच्च मा.वि | नायरनम्तलेस स्रोत केन्द्र पाल्पा |
| ७ | चन्द्र उच्च मा.वि | चापपानी स्रोत केन्द्र पाल्पा |
| ८ | वेद उच्च मा.वि | चापपानी स्रोत केन्द्र पाल्पा |

## उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था

## परिशिष्ट : दुई

## महिला शिक्षक  विवरण (२०६९)

| क्र.स | उच्च मा.वि | जम्मा महिला शिक्षक संख्या |
|---|---|---|
| १ | मोहनकन्या उच्च मा.वि | ५ |
| २ | महेन्द्रबोधी उच्च मा.वि | ३ |
| ३ | प.प.नमुना उच्च मा.वि | ३ |
| ४ | सेन उच्च मा.वि | ३ |
| ५ | बिष्णु उच्च मा.वि | २ |
| ६ | शौभाग्य उच्च मा.वि | २ |
| ७ | चन्द्र उच्च मा.वि | २ |
| ८ | वेद उच्च मा.वि | २ |
| | जम्मा | २२ |

## परिशिष्ट : तीन

### प्राचार्य, महिला अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

नाम :

पद :

विद्यालयको नाम :

विद्यालयको ठेगाना :

१) यस विद्यालयमा कति कक्षा सम्म पढाई हुन्छ ?

२) यस विद्यालयको उच्च माध्यमिक तहमा अध्यापन गराउने जम्मा कति जना शिक्षक हुनुहुन्छ ?

जम्मा.................,महिला..................,पुरुष......................

३) यस विद्यालयको उच्च माध्यमिक तहमा महिला र पुरुष शिक्षकहरु मध्ये कसले बढी जिम्मेवारी बहन गर्नुहुन्छ ?

४) यस विद्यालयमा विद्यार्थी संख्या बढी वा घटी के छ ?

५) यस विद्यालयमा विद्यार्थी संख्या घट्नु वा बढ्नुको प्रमुख कारण के हो ?

६) तपाईको विद्यालयमा कुन तहको सिकाई उपलब्धि राम्रो छ ?

७) उ.मा.वि. तहमा आन्तरिक मूल्याङ्कन हुन्छ की हुदैन् ?

८) अभिभावकले यस विद्यालयलाई मन पराउनुका कारणहरु के-के हुन् ?

९) यस विद्यालयमा कस्ता प्रकृतिका विद्यार्थीहरु पढ्न आउछन् ?

१०) पुरुष शिक्षक वा महिला शिक्षक मध्ये को कक्षामा नियमित आउनुहुन्छ ?

११) पुरुष शिक्षक वा महिला शिक्षक कसले बढी शैक्षिक सामाग्री प्रयोग गरेर पढाउनुहुन्छ ?

१२) कक्षा शिक्षणमा कुन - कुन विधि र कस्ता शैक्षिक सामाग्री प्रयोग गरेर पढाउनुहुन्छ ?

१३) विद्यालयमा शिक्षक भर्ना गर्दा कसलाई बढी जोड दिनुपर्ला ?

१४) महिला शिक्षक र पुरुष शिक्षकमध्ये कसले बढी कर्तव्य निष्ट र इमान्दारीता पूर्वक कार्य गर्नुहुन्छ ?

१५) अभिभावकले आफ्ना बालबालिकालाई नियमित गराउन के-के गर्नुपर्ला ?

१६) महिला शिक्षक र पुरुष शिक्षकमा प्राचार्यबाट कस्तो कस्तो व्यवहार पाउनुभएको छ ?

१७) कक्षा ११ र १२ मा छात्रा वा छात्रको कसको सिकाई उपलब्धि राम्रो पाउनुभएको छ ?

१८) उच्च माध्यमिक तहमा अध्यापन गराउने शिक्षकहरुले प्रा.वि., नि.मा.वि. र मा.वि. मा पनि अध्यापन गराउनुभएको छ ?

१९) स्रोत व्यक्तिबाट विद्यालयको निरिक्षण बर्षको कतिपटक हुने गरेको छ ?

२०) उच्च मा.वि. मा महिला शिक्षकलाई प्रभाव पार्ने तत्वहरु के-के हुन् ?

२१) उच्च मा.वि. सञ्चालनका समस्याहरु के-के गनुपर्ला ?

२३) विद्यालयका समस्याहरु समाधान गर्न के-के गर्नुपर्ला ?

क) विद्यालय :

ख) शिक्षक :

ग) अभिभावक :

घ) विद्यार्थी :

ङ) स्रोतकेन्द्र :

च) विविध पक्ष :

## परिशिष्ट : चार

### छात्राको लागि अन्तरवार्ता प्रश्नावली

नाम : कक्षाः विद्यालय :

१) तिम्रो कक्षामा कतिजना छात्राछात्र रहेका छौ ?

२) तिम्रो घर विद्यालयबाट कति टाढा रहेको छ ?

३) कक्षामा शिक्षकले कक्षा परीक्षा लिनुहुन्छ की हुदैन ?

४) कक्षामा गृहकार्य महिला शिक्षक र पुरुष शिक्षक कसले बढी दिनुहुन्छ ?

५) तिमीले कसले पढाएको बढी बुझ्दछौ ?

क) पुरुष शिक्षक ख) महिला शिक्षक

६) तिमीलाई मन पर्ने विषय कुन हो ?

७) अहिलेसम्म कतिपटक पुरस्कार पाएका छौ ?

८) तिमीलाई महिला वा पुरुष शिक्षक कक्षामा आउदा पढाईप्रति बढी उत्सुकता बढेर आउछ ?

९) तिम्रो घरमा बाबु र आमाले कति कति पढ्नुभएको छ ? र के - के काम गर्नुहुन्छ ?

१०) तिमीलाई मन पर्ने सजिलो विषय र मन नपर्ने गाह्रो विषयहरु कुन - कुन हुन ?

११) तिम्रो कक्षामा महिला वा पुरुष कुन शिक्षकले बढी राम्रो पढाउनुहुन्छ ?

१२) यस विद्यालयका राम्रा पक्षहरु के - के हुन् ?

१३) तिम्रो पढाईमा बढी कसले चासो दिनुहुन्छ ?

क) महिला शिक्षक ख) पुरुष शिक्षक

१४) तिमीलाई परेका समस्या महिला वा पुरुष शिक्षक कसले चासो दिएर हेर्नुहुन्छ ?

१५) तिम्रो विद्यालयमा सुधार गर्नुपर्ने पक्षहरु के - के छन् ?

## परिशिष्ट : पाँच

### महिला शिक्षकको सहभागितामा प्रभाव पार्ने तत्व

| विवरण | प्राचार्य (८) | शि.अ.संघ(१६) | महिला शिक्षक(८) | विद्यार्थी(१६) |
|---|---|---|---|---|
| क) आर्थिक तत्व | ६२.५० | ५८.२५ | ३७.७५ | |
| ख) शैक्षिक तत्व | ७५ | ६२.५० | ८७.५० | |
| ग) पारिवारिक तत्व | ७५ | ८१.२५ | ८७.५० | |
| घ) सामाजिक तत्व | ६२.५० | ८१.२५ | १०० | |
| ङ) लैङ्गिक तत्व | ५० | ७५ | ६२.५० | ६८.७५ |

## परिशिष्ट : छ

## महिला शिक्षकको शिक्षण पेशामा समस्या

| महिला शिक्षकको शिक्षण पेशामा आइपर्ने समस्या | प्राचार्य | शि.अ.संघ | महिला शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|
| क) शैक्षिक योग्यताको अभाव | ६८.७५ | ७५ | ७५ | |
| ख) तालिमको अभाव | १०० | १०० | १०० | |
| ग) पुर्नबलिय अभाव | ५० | ७५ | ६२.५० | ६२.५० |
| घ) शिक्षण सहयोगी सामग्री अन्य वस्तुको प्रयोगको अभाव | १०० | | ७५ | |
| ङ) उपचारात्मक सुपरिवेक्षणको अभाव | ६२.५० | ६२.५० | ७५ | |
| च) अभिभावकबाट समान व्यवहारको अभाव | | | ७५ | |
| छ) सहयोगमा  अनेकताको समस्या | | | ६२.५० | |

## उच्च माध्यमिक तहमा महिला शिक्षकको अवस्था

## परिशिष्ट : सात

## समस्या समाधानका उपाय

| समस्या समाधानका उपाय | प्राचार्य | शि.अ.संघ | महिला शिक्षक |
|---|---|---|---|
| क) महिला शिक्षकलाई सेवा प्रवेशमा अवसर दिएर | ८७.५० | ६२.५० | ७५ |
| ख) तालिम तथा शैक्षिक सामग्रीको पूर्ण उपयोग गर्नु | | | ६२.५० |
| ग) दरवन्दी मिलान गर्नु | ९२.५० | | |
| घ) महिला शिक्षकका लागि शिक्षण पेशामा वातावरण निर्माण गर्नु | | ५० | १०० |
| ङ) महिला शिक्षकलाई आरक्षणको व्यवस्थापन गर्नु | ६२.५० | ६२.५० | १०० |
| च) नेतृत्व तहमा महिलालाई प्राथमिकता दिनुपर्ने | ५० | ५० | ६२.५० |
| छ) उत्प्रेरणामा जोड दिनु | ७५ | ६२.५० | १०० |
| ज) महिला शिक्षकप्रति अभिभावकहरुको सकारात्मक भावनाको विकास गराउनु | ६२.५० | ७५ | ८७.५० |